# भूमिका

ऐतिहासिक जन-आन्दोलन २०६३ को माध्यमबाट आम नेपाली जनताले अभिव्यक्त गरेको चाहना अनुरुप नेपालमा जनताले करिब ५६ वर्ष अगाडि देखि माग गर्दै आएको संविधान सभाको निर्वाचन बल्ल हुने भएको छ । आफ्नो भविष्य आफै निर्माण गर्नका लागि संविधान बनाउने सर्वाधिक लोकतान्त्रिक विधि नै संविधान सभा हो ।

जनआन्दोलन २०६३ ले निरंकुश राज्य सत्ताको अन्त गर्नुको साथै समावेशी लोकतन्त्रको स्थापना गर्नको लागि मार्ग प्रशस्त गरेको छ । यति मात्र नभई जनआन्दोलन पछि पुर्नस्थापित अन्तरिम विधायिका संसद तथा सत्तासिन सबै राज्य संचालकहरुलाई यथेष्ट दबाब पनि दिएको छ । अबको लोकतान्त्रिक पद्धतिलाई समावेशी आधारमा विकास गर्न सकेको खण्डमा तथा सबैको सहभागितामा निर्णय गर्ने प्रक्रिया अंगाल्न सकेमा मात्र आम नागरिकले राज्य सत्तामा आफ्नो पहुँच भएको र यो राज्य आफ्नो भएको महशुस गर्न सक्नेछन् ।

महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदायले उठाउँदै आएको माँगहरुलाई संविधान सभाको निर्वाचनमा ठीक ढंगले उठाउने तथा समावेश गर्न सकेमात्र निश्चित रुपमा सबैको हित हुने र अधिकार सुनिश्चित हुनेछ । त्यसैले ठीक समयमा ठीक निर्णय गर्न सकेमा मात्र संविधान सभाको निर्वाचन उपलब्धिमूलक हुनेछ ।

यो पुस्तिका तयार गर्ने श्री सुमित्रा राई, सम्पादन गर्ने प्रा. श्री कृष्ण पोखरेल, व्यवस्थापन गर्ने श्री मनोज कुमार उपाध्याय तथा वासु देवकोटा र ले आउट डिजाइनिङ तथा टाइप सेटिङ्ग गर्ने श्री मनोज राज रेग्मी तथा श्री सरिता गौतमलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं साथै यस पुस्तकलाई जनता समक्ष पुर्‍याउन आर्थिक सहयोग गर्ने क्यानेडियन सहयोग कार्यालय पनि धन्यवादको पात्र छ ।

पद्मरत्न तुलाधर
अध्यक्ष
मानव अधिकार संरक्षण मंच

प्रदीप पोखरेल
अध्यक्ष
मानव विकास तथा शान्ति अभियान

रतन भण्डारी
महासचिव
मानव अधिकार तथा
मानवीय कानून अभियान

# संविधानसभा

## १. संविधानसभा भनेको के हो?

देशको संविधान निर्माण गर्ने उद्देश्यले जनताद्वारा निर्वाचित सभालाई संविधानसभा भनिन्छ । अर्को शब्दमा यसलाई संविधान निर्माणको अख्तियारी पाएको सार्वभौमसत्ता सम्पन्न सर्वोच्च संस्था पनि भन्न सकिन्छ । यसले देश र जनतालाई चाहिने संविधानको निर्माण गर्दछ । संविधान निर्माणका प्रमुख तीन प्रकारका विधि हुन्छन् । पहिलो हो राष्ट्राध्यक्षको घोषणावाट बन्ने संविधान । दोस्रो, कुनै आयोग द्वारा वन्ने संविधान र तेस्रो हो संविधान निर्माण कै उद्देश्यले जनताद्वारा निर्वाचित प्रतिनिधिहरुको सभाले वनाउने संविधान । यी तीन विधि मध्ये वास्तवमा संविधानसभाका माध्यमवाट संविधान बनाउने विधि नै सर्वाधिक लोकतान्त्रिक विधि हो । यो त्यस्तो विधि, प्रक्रिया वा साधन पनि हो जसले सार्वभौम जनतालाई आफ्नो लागि आफैले आफैमा रहेको सार्वभौमसत्ता प्रयोग गरी आफ्ना प्रतिनिधिहरुमार्फत आफूलाई चाहिने संविधानको निर्माण गर्न सघाउाछ । यसको गठन बालिग मताधिकारको प्रयोग गरी जनताबाट हुन्छ । यो “सभा” संविधान निर्माणको मामलामा स्वतन्त्र र सर्वाधिकार सम्पन्न हुन्छ । जनताले जस्तो संविधान चाहन्छन् त्यस्तै संविधान निर्माण गर्न यो रत्तिभर पछि पर्दैन । किनभने यसले जनतामा निहित सार्वभौमसत्ताको प्रतिनिधित्व गरेको हुन्छ । जनइच्छा तथा भावनाअनुसारको संविधान निर्माण गरी जनतालाई पूर्ण सार्वभौमसत्तासम्पन्न तुल्याई शक्तिशाली बनाउने यसको मूल अभिष्ट रहेको हुन्छ । यसैकारण आधुनिक लोकतान्त्रिक व्यवस्थामा जनआकांक्षा अनुरुपको संविधान निर्माण गर्ने सर्वोत्कृष्ट बैध संयन्त्र संविधानसभालाई मानिन्छ ।

संविधान देशको माउ कानुन हो । यसलाई अर्को शब्दमा राज्य संरचनाको दर्शन तथा सिद्धान्त भन्दा पनि अत्युक्ति हादैन । यतिमात्र होइन, संविधान राज्य संचालन प्रबन्धको समष्टिगत मूल आधार पनि हो । संविधानले नै राज्यको संरचना कस्तो हुने ? देशलाई कति क्षेत्रमा विभाजित गर्ने ? राज्यको स्वरुप संघात्मक वा एकात्मक के हुने ? जातीय स्वायत्तता र आत्मनिर्णयको अधिकार कसरी प्रत्याभूत गर्ने ? संघीय राज्य र प्रादेशिक राज्य बीचको अधिकार र समन्वयको स्थिति कस्तो हुने ? शासन संचालनमा विभिन्न जातजाति, भाषा, धर्म तथा संस्कृति भएका मानिसलाई राज्यको मूलधारमा कसरी समावेश गर्ने ? आदि इत्यादि कुराको निर्क्यौल गर्दछ । अतः संविधानजस्तो सर्वाधिक महत्वपूर्ण कुराको निर्माणको लागि शासन संचालनका दर्शन, सिद्धान्त, प्रणाली र प्रबन्धका प्रायः सबै विषयमा गहन छलफल गरी त्यसको निचोड निकाल्नुपर्ने हुन्छ । यो काम संविधानसभाबाट नै उचित एवं जनआकांक्षा अनुरुप हुनसक्छ । जबसम्म यो काम संविधानसभाबाट हुँदैन तबसम्म जनता सार्वभौम र राजकीयसत्तासम्पन्न पनि हुन सक्दैनन् ।

आधुनिक दृष्टिकोणमा संविधानलाई सार्वभौमसत्ताको बाँडफाँड र त्यसको प्रयोग गर्ने प्रमुख आधार मानिन्छ । संविधानमै मुलुकको सार्वभौम शक्तिको अभ्यास कसले, कहाँ, कसरी र कति गर्ने ? भन्ने कुराको समेत स्पष्ट चित्रण हुन्छ र मुलुकको सम्प्रभुता जनतामा छ भन्ने कुरा पनि पुष्टि गरिन्छ । जन अधिकार सुनिश्चित गर्ने यो नै सर्वोत्कृष्ट माध्यम हो । त्यतिमात्र होइन हरेक संकटका बेला संविधानको स्वामित्वको प्रश्न पनि टड्कारोसँग उठ्छ । वास्तवमा संविधानसभामार्फत बनेको संविधानमा जनताले आफ्नो स्वामित्व ग्रहण गर्दछ र त्यसप्रति अपनत्व जनाउँछ । भरखरै सम्पन्न जनआन्दोलनको बेला जब नेपाल अधिराज्यको संविधानको स्वामित्वको प्रश्न खडा भयो त्यसबेला नेपाली जनताले त त्यसप्रति आफ्नो स्वामित्व जनाएनन् नै स्वयम् त्यसको निर्माणमा सामेल राजनीतिक दलहरुले पनि स्वामित्व जाहेर गर्न सकेनन् । यदि संविधानसभाका मार्फत त्यसको निर्माण भएको भए त्यो यस्तो वेवारिसे हुने थिएन । किनकि जनता त्यसको पक्षमा मुट्ठी उठाएर लाग्ने थिए ।

यथार्थमा संविधानसभा पुरानो सत्ता विस्थापित भएपछि नयाँ सत्ताको लागि आवश्यक पर्ने संविधान निर्माणका लागि चाहिन्छ । अर्थात संविधानसभाको निर्माण भन्नाले विद्यमान शासन सत्ता एवम् राज्य संरचनालाई अस्वीकार गर्नु भन्ने बुझिन्छ । यस आधारमा संविधानसभा जनप्रतिनिधिहरुको त्यस्तो विशिष्ट सभा कहलिन्छ, जसको निर्माण क्रान्ति वा जनआन्दोलनको बलद्वारा पुरानो सत्ता र त्यसको संवैधानिक व्यवस्थालाई ध्वस्त पारेर भएको हुन्छ ।

उपरोक्त भनाइको सार खिच्दा के प्रष्ट हुन्छ भने संविधानसभा भनेको देशको संविधान बनाउने जनप्रतिनिधिहरुको एउटा सभा हो । यस सभालाई विशेष गरी पूँजीवादी लोकतन्त्रवादीहरुको प्रिय नाराको रुपमा लिने गरिन्छ । ऐतिहासिक रुपमा यो नारा राजतन्त्र विरोधी लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरुले उठाउँदै आएका हुन् । यसको मुख्य सार भनेको राजतन्त्रले उपभोग गर्दै आएको राजकीय अधिकार र सार्वभौमसत्ता जनतामा हस्तान्तरण गरी जनताका अधिकारलाई सुनिश्चित गर्नु हो ।

## २. संविधानसभाको निर्माण कसरी हुन्छ ?

संविधानसभाको निर्माण (गठन) प्रकृयाका सम्बन्धमा विश्वमा दुईवटा प्रचलनहरु देखिएका छन्:

१. औपचारिक र

२. अनौपचारिक

जनताद्वारा निर्वाचन गरी निर्माण गरिएको संविधानसभा औपचारिक प्रकृया हो भने व्यवस्थापिकाका सदस्यहरु मध्येबाट वा स्थापित राजनीतिक शक्तिका विभिन्न पक्षहरुको आपसी सहमतिबाट प्रतिनिधि चयन गरी बनाइएको संविधानसभालाई अनौपचारिक प्रकृयाको संविधानसभा भनिन्छ । आधुनिक प्रतिनिधित्वको प्रणाली प्रचलनमा आउनु अघि कतिपय मुलुकमा अनौपचारिक विधि पनि प्रयोगमा आएको देखिन्छ । अन्यथा निर्वाचनद्वारा गठन हुने संविधान सभा नै उपयुक्त मानिन्छ ।

**३. संविधानसभाको निर्माण सम्बन्धमा विश्वमा भएका महत्वपूर्ण अनुभवहरु कस्ता छन्?**

संविधानसभाको नेपालमा हुन थालेको प्रयोग नौलो भने होइन । संसारका विभिन्न मुलुकमा आ-आफ्नो आवश्यकता अनुसार यसको प्रयोग गरिएको छ । तिनलाई जस्ताको तस्तै नक्कल गर्ने कुरा त आउँदैन । तथापि तिनको अनुभवले केही मार्गदर्शन गर्ने हुँदा यहाँ केही मुलुकका अनुभवहरुलाई उदाहरणको रुपमा उल्लेख गरिएको छ :

**क) संयुक्त राज्य अमेरिकाः**

सामान्यतया संयुक्त राज्य अमेरिकालाई संविधानसभाका माध्यमबाट सफल संविधान बनाउने पहिलो मुलुक मानिन्छ । तर त्यो लोकप्रिय मतद्वारा प्रत्यक्षरुपमा निर्वाचित भएको संविधानसभा थिएन । बेलायतबाट सन् १७७६ मा स्वतन्त्र भएपछि प्रारम्भमा त्यहाँ परिसंघात्मक (Confederal system) परिपाटी अपनाइयो । तर त्यसले काम नगरे पछि समस्या समाधानका लागि सन् १७८६ मा पाँचवटा राज्यका प्रतिनिधिहरु मेरिल्याण्ड राज्यमा छलफलका लागि बसे र तिनको परामर्शअनुसार काग्रेसले राज्यहरुलाई कन्भेन्सनका लागि प्रतिनिधि पठाई परिसंघका धाराहरुमा संशोधनका लागि अह्वायो । यसप्रकार तेह्र वटा राज्यका पचपन्न जना प्रतिनिधिहरु परिसंघका धाराहरुको संशोधन गर्ने उद्देश्यले सन् १७८७ मा फिलाडेल्फियामा बसे । तर तिनले आफूले पाएको म्याण्डेटलाई नाघेर संयुक्त राज्य अमेरिकाको लागि पूर्णतया नयाँ संविधानको मस्यौदा तयार गरे ।

वास्तवमा नयाँ संविधानको मस्यौदा गर्ने काममा तिनलाई त्यस अघि नै परिसंघ भित्रका राज्यहरुले आ-आफ्नो आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले बनाएका संविधानहरुले मद्दत पुर्‍याए । पचपन्न जना प्रतिनिधिहरुले सर्वसम्मतिबाट गरेको संविधानको मस्यौदा कांग्रेसमा पेस गरियो । परिसंघको तत्कालिन विधान अनुसार नयाँ संविधानलाई त्यसबेलाका जम्मा तेह्र राज्यहरुमध्ये कम्तीमा नौ राज्यले अनुमोदन गर्नु जरुरी थियो । तर संघवाद व्यापार, दासप्रथा जस्ता विषयमा राज्यहरुका माझ ठूलो विवाद थियो । राज्यहरुको स्वायत्तता र नागरिक स्वतन्त्रताका मुद्दामा पनि ठूलो बहस चल्यो । अन्ततः पहिला दश संशोधनहरुका मार्फत नागरिक स्वतन्त्रताहरुको व्यवस्था गर्ने शर्तमा राज्यहरुले आ-आफ्ना अनुमोदन सम्मेलन मार्फत संविधान अनुमोदन गरे र ४ मार्च १७८९ देखि संविधान लागु भयो । तेह्रवटा राज्यका लागि बनेको यो संविधानभित्र अहिले पचासवटा राज्यहरु समेटिएका छन् र यो संविधानमा जम्मा सत्ताइस पटक संशोधन भएको छ ।

तर यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने अमेरिकामा संविधानसभा लोकप्रिय मतद्वारा निर्वाचित भएको थिएन । फिलाडेल्फिया सम्मेलनमा बस्ने ती पचपन्न जना प्रतिनिधि भनेका राज्यहरुका प्रतिनिधि थिए । यसो हुनुको कारण के थियो भने त्यति बेलासम्म हिजो आजको जस्तो लोकप्रिय निर्वाचनको प्रचलन शुरु भएकै थिएन । त्यसैले यति मात्र कारणले त्यसलाई संविधानसभा नमान्नु पर्ने कुनै कारण छैन । वास्तवमा अमेरिकी संविधानको घोषणा त्यस्तो युगान्तकारी घटना थियो जसले राजनीतिक आत्मनिर्णयको अधिकारलाई सुनिश्चित गर्नुका साथै संविधानसभाको लोकप्रिय अभ्यासलाई संस्थागत समेत गर्‍यो ।

**ख) दक्षिण अफ्रिका**

संविधानसभासम्बन्धी दक्षिण अफ्रिकी प्रयोग भनेको भर्खरकै कुरा हो । यो बहु-जनजातीय एवं बहुसांस्कृतिक राज्यका संवैधानिक समस्याको समाधानको एक आदर्श उदाहरण मानिन्छ । झलक्क हेर्दा यो जातिवादी गोरा सरकार र अफ्रिकी नेसनल कांग्रेस माझको दुई पक्षीय मामिला जस्तो लागे पनि वास्तवमा बहुपक्षीय जटिल समस्या थियो । विद्रोहीतर्फ अफ्रिकी नेसनल कांग्रेसका अतिरिक्त इनकाथा फ्रिडम पार्टी, प्यान अफ्रिकन कांग्रेस र अजानीयन पिपल्स पार्टीहरु मैदानमा थिए भने गोरा सरकारले पनि विरोधी अन्य गोरा पार्टी र हित समूहहरुसँग तालमेल मिलाउन जरुरी थियो । यति हुँदाहुँदै पनि विद्रोहीका तर्फबाट नेल्सन मण्डेला र गोरा सरकारका तर्फबाट एफ.डब्लु.डी. क्लार्कले नेतृत्वदायी भूमिका खेलेका थिए ।

आज दक्षिण अफ्रिका सफलतापूर्वक द्वन्द्व समाधान गरी शान्तिपूर्ण संवैधानिक बाटोमा हिंड्न सफल राष्ट्रको कोटीमा पर्छ । यो बाटोमा अग्रसर हुन सर्वप्रथम १९९१ मा राष्ट्रिय शान्ति सम्झौता (National Peace Accord) सम्पन्न भयो । यो शान्तिपूर्ण ढंगले द्वन्द्व समाधान गर्ने एक बहुपक्षीय सम्झौता थियो । त्यसको लगत्तै पछि लोकतान्त्रिक दक्षिण अफ्रिकाका लागि सम्मेलन (Convention for Democratic South Africa- CODESA) को रुपमा सर्वदलीय सम्मेलन भयो । कोडेसा-एक नाम दिइएको यो सम्मेलन डिसेम्बर १९९१ मा सम्पन्न भयो ।

दोस्रो कोडेसाका बेलामा भने गतिरोध उत्पन्न भयो । विवादको चुरो संविधान निर्माणका बेला निर्णय गर्ने विधिका विषयमा केन्द्रित थियो । बहुमतलाई आधार मान्ने वा अर्को कुनै विधि अपनाउने भन्नेमा तीव्र विवाद उत्पन्न भयो । यो गतिरोध हटाउन ए.एन.सी.का अध्यक्ष मण्डेला र राज्यका राष्ट्रपति डी. क्लार्कका माझ शिखर वार्ता आयोजना गरियो । यसको परिणाम स्वरुप सन् १९९२ मा समझदारीको अभिलेख (Record of Understanding) जारी भयो । त्यसैमा संविधानसभा, संविधान निर्माण प्रकृया र एकता सरकारका रुपमा अन्तरिम सरकार बनाउने जस्ता विषयहरुको निरुपण भयो । एउटा बहुदलीय सम्झौता वार्ता मंचको स्थापना गरियो जसले संवैधानिक संक्रमणका विभिन्न चरणहरुबारे टुङ्गो लगायो । ती चरणहरु हुन्:- बहुदलीय सम्झौता वार्ता प्रकृया (Multi Party Negotiating Process) द्वारा प्रमुख संवैधानिक सिद्धान्तहरुको तर्जुमा, ती संवैधानिक सिद्धान्तहरु संविधानसभाका लागि बन्धनकारी हुने र संविधान निर्माण हुँदा त्यसको पालन भए नभएको एक संवैधानिक अदालतद्वारा निगरानी र बहुदलीय सम्झौता वार्ता प्रकृयाद्वारा अन्तरिम संविधानमा सहमति ।

दक्षिण अफ्रिकामा राजनैतिक संक्रमणका दुई चरण छन् । **पहिलो चरण** (सन् १९९३ देखि अप्रिल १९९४ सम्म) मा बहुदलीय सम्झौता वार्ता प्रकृया (MPNP) ले संवैधानिक सिद्धान्तहरुको निर्धारण एवं सहमति बनायो, अन्तरिम संविधान बनायो, एकताको सरकार गठन गर्‍यो र सहमतिलाई निर्णय निर्माणको प्रकृयाका रुपमा स्वीकार गर्‍यो । **दोस्रो चरण** (अप्रिल १९९४ देखि मार्च १९९७ सम्म) मा संविधानसभाको गठन, संविधान मस्यौदा, मस्यौदामा जनस्तरबाट व्यापक छलफल, संवैधानिक अदालतबाट अनुमोदन र संविधान जारी गर्ने जस्ता कार्यहरु भए । अधिकांश विवादहरुको छिनोफानो पहिलो चरणमा नै समाप्त भएकाले दोस्रो चरणको कार्य सरलतासाथ सम्पन्न भयो ।

दक्षिण अफ्रिकी द्वन्द्व रुपान्तरण र संविधानसभाका केही उल्लेखनीय अनुभवहरु छन् । **पहिलो कुरा**, दक्षिण अफ्रिकामा सच्चा अर्थमा बहुदलीय सम्झौता वार्ता प्रकृयाको थालनी गरिएको थियो । यही संयन्त्रले आधिकारिक रुपमा वार्ता र निर्णयको जिम्मेवारी लिएको थियो । यही संयन्त्र पछि अन्तरिम कार्यकारिणी परिषद (Transitional Executive Council) मा परिणत भयो । यसैले सरकारलाई निर्देशन दिने, निर्वाचन प्रकृयालाई अनुगमन गर्ने, निर्वाचनको निष्पक्षतालाई सुनिश्चित गर्ने र निर्वाचनको परिणाम सबैलाई मान्न लगाउने कामको जिम्मेवारी बोक्यो ।

**दोश्रो कुरा**, त्यहाँ सम्झौताको स्वीकार्यताका लागि साधारण सहमति (General consensus) को निर्णय फर्मुला अपनाइयो । कुनै विषयमा साधारण सहमति हुन सकेन र गतिरोध उत्पन्न भयो भने समस्या समाधानका लागि पर्याप्त सहमति (Sufficient consensus) को फर्मूला अपनाइयो । भन्नुको अर्थ यदि कुनै विषयमा वार्तारत पक्षहरु माझ सामान्य सहमति हुन सकेन भने प्रमुख कर्ताहरुका माझको सहमतिलाई नै पर्याप्त मानियो ।

**तेश्रो कुरा**, दक्षिण अफ्रिकी वार्ताकारहरुले चौंतीस बुंदे संवैधानिक सिद्धान्तहरु तयार गरे जसलाई त्यहाँका सबै पक्षले मान्नुपर्ने व्यवस्था गरियो । यो सम्झौतालाई पवित्र र अउल्लंघनीय मानियो । यसमा मुलुकका सबै पक्षले दक्षिण अफ्रिकाको एकता र सार्वभौमसत्ताको सम्मान गर्नुपर्ने, सबैको साझा नागरिकता र शासनको लोकतान्त्रिक प्रणालीको प्रावधान समाविष्ट थियो । यसका अतिरिक्त लोक स्वतन्त्रता, मौलिक नागरिक एवं राजनीतिक अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलिय प्रतिष्पर्धात्मक राजनीति, प्रतिनिधिमूलक सरकार, शक्ति पृथकीकरण जस्ता लोकतन्त्रका विश्वमान्य मूल्यहरु सामेल गरिएको थियो । यसमा संघीयता, प्रादेशिक स्वायत्तता, प्रादेशिक एवं स्थानीय सरकारहरुको शक्ति र कार्यहरुको किटानी समेतको व्यवस्था गरिएको थियो । संविधान निर्माण गर्दा सभाले यी सिद्धान्तहरुको पालना गर्‍यो कि गरेन भनी हेर्नका लागि एक संवैधानिक अदालतको पनि व्यवस्था गरिएको थियो ।

लामो बहुदलीय वार्तापछि सन् १९९४ मा अन्तरिम संविधान बनाएर लागू गरियो । यसैमा ४९० सदस्यीय संविधानसभाको निर्वाचन गर्ने व्यवस्था गरियो । महिला र पुरुषलाई बराबर प्रतिनिधित्वको व्यवस्था गरियो । निर्वाचन अप्रिल १९९४ मै भयो । यो सभालाई संविधान निर्माणका अतिरिक्त विधायिकाको जिम्मेवारी पनि सुम्पियो । संविधान निर्माणका लागि यसले संवैधानिक समितिको गठन गर्‍यो र यसैले प्रमुख वार्ता निकायको काम गर्दै संविधान बनायो । फरवरी १९९७ सम्ममा संविधान बनेर जारी भयो । इतिहासमा लामो समयदेखि रंगभेदको नीतिका कारण द्वन्द्वमा फसेको दक्षिण अफ्रिका आज शान्तिपूर्ण ढंगले विकासको मार्गमा लागेको छ र अनेकौं द्वन्द्वग्रस्त मुलुकका लागि द्वन्द्व समाधानको आदर्श उदाहरण बनेको छ ।

## नेपालमा संविधानसभासम्बन्धी बहस कहिले देखि शुरु भयो ?

नेपालमा अहिलेसम्म पाँचवटा संविधानहरुको घोषणा भएका छन् । २००४ सालको वैधानिक कानुन राणा प्रधान मन्त्री पद्म शमशेरले आफ्नो स्वार्थअनुसार बनाई घोषणा गरेका हुन् तर लागु हुन सकेन । २००७ सालको अन्तरिम शासन विधान र २०१५ सालको नेपाल अधिराज्यको संविधान सीमित रुपमा राजनीतिक सम्झौताको दस्तावेज थियो । २०१९ सालको नेपालको संविधान राजाले आफ्नो इच्छानुसार लिपिबद्ध गराई घोषणा गरी लागु

गरेका हुन् । त्यो संविधानले जनइच्छाको कतैबाट प्रतिनिधित्व गरेको पाईदैन । २०४७ सालको नेपाल अधिराज्यको संविधान सम्झौतामा टुंगिएको २०४६ को जनआन्दोलनको परिणामअनुसार राजा, नेपाली कांग्रेस र बाम मोर्चाको सहमतिमा राजाबाट घोषणा गरी लागु गरिएको संविधान हो ।

नेपाली जनताले अहिलेसम्म आफ्नो देशको संविधान बनाउने कार्यमा सहभागिता जनाउने अवसर पाएका छैनन् । २००७ सालमा शासकहरुबाटै संविधानसभाको निर्वाचन गर्ने घोषणा भएको भएपनि त्यो केवल जनताका बीच फालिएको भ्रमजाल मात्र थियो । राणा प्रधानमन्त्री मोहन शमशेरले बढ्दो जन विरोधलाई निस्तेज पार्न २००७ साल पुस २४ गते आफ्नो राजनीतिक सुधारसम्बन्धी घोषणामा देशभरका सम्पूर्ण वालिगहरुको आम चुनावद्वारा विधानसभाको गठन गर्ने उल्लेख गरेका थिए । राजा त्रिभुवनले दिल्ली सम्झौताको परिणामअनुसार २००७ साल फाल्गुण ७ गते नेपालमा प्रजातन्त्रको घोषणाको क्रममा “हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरुले निर्वाचन गरेको एक वैधानिकसभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान (Democratic Constitution) वाट होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले” भनी घोषणा गरेका थिए । तर यसको तीन वर्ष नपुग्दै २०१० मा राजा त्रिभुवन स्वयमंले कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी सम्पूर्ण अधिकार आफूमा निहित रहेको घोषणा गरे । पछि २०१४ साल माघ १९ गते राजा महेन्द्रले देशको आम चुनाव अब संसदको लागि गरिनेछ भन्ने घोषणा गरी संविधानसभाको चुनावलाई विधिवत रुपमा लत्याएका थिए । राजा महेन्द्रले आफ्नै निर्देशनमा बनाएको संविधानअनुसार २०१५ सालमा भएको आम निर्वाचनबाट प्रधानमन्त्री विपी कोइरालाको नेतृत्वमा गठित नेपाली कांग्रेसको सरकारलाई २०१७ साल पुस १ गते अपदस्त गरी शासन सत्ता आफूमा निहित गरे । यसरी राजा महेन्द्रबाट प्रत्यक्ष शासन शुरु भएपछि नेपाल कम्युनिष्ट पार्टीमा देखिएका तीन धारमध्येका मोहन विक्रम सिंहबाट राजामा निहित सार्वभौमसत्ता जनतामा ल्याउन अन्तरिम सरकार गठन गरी संविधानसभाको निर्वाचन हुनुपर्दछ भन्ने आवाज उठेको थियो । निर्दलीय निरंकुश व्यवस्थामा यसको सुनुवाई हुने कुरै भएन ।

२०४६ सालको जनआन्दोलनले बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापना गरेपछि परिवर्तित अवस्थामा नयाँ संविधान बनाउनको लागि केही वाम पक्षहरुबाट संविधानसभाको गठन गर्नुपर्ने माग अघि सारिएको थियो । सम्झौताका पक्षधरहरुबाट त्यसको आवश्यकता महसुस गरिएन । राजा, नेपाली कांग्रेस र वाम मोर्चाका प्रतिनिधिहरुको सहभागिता र सहमतिमा बनेको संविधान सुझाव आयोगबाट तयार पारिएको नेपाल अधिराज्यको संविधान २०४७ अन्तरिम सरकारको सिफारिसमा राजाका घोषणाबाट लागु गरियो । यसमा जनताको अनुमोदन आवश्यक ठानिएन । यसले गर्दा सो संविधानको धारा ३ मा उल्लेखित “नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ...” भन्ने वाक्यांशले व्यावहारिक रुप लिन सकेन र संविधान उल्लघंन गर्न कसैलाई अप्ठ्यारो महसुस भएन ।

२०५२ सालमा ने.क.पा. (माओवादी) ले उठाएका ४० सूत्रीय मागहरुमध्ये संविधानसभा एक प्रमुख माग थियो । २०५८ सालमा राज्यपक्ष र माओवादीका बीचको वार्ताको क्रममा माओवादीले गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचनको माँगलाई प्रमुख एजेण्डाको रुपमा अघि सारेपछि नेपालको राजनीतिक वातावरणमा लोकतन्त्रमा विश्वास राख्ने बौद्धिक वर्ग र राजनीतिक दलका केही युवा नेताहरुबाट संविधानसभाको माागलाई निरन्तर रुपमा उठाउन थालियो । २०५९ असोज १८ र २०६१ माघ १९ को कदमबाट राजाले प्रत्यक्ष शासन शुरु गरेपछि मात्र संविधानसभा क्रमशः राजनीतिक दलहरुको राजनीतिक सहमतिको विषय बन्न गयो र संविधानसभा सम्म जान सकिने अभिव्यक्तिहरु आउन थाल्यो । सात दलको गठबन्धन बन्दा त्यसले पहिलोपल्ट संविधानसभालाई संसदीय पार्टीहरुको साझा एजेण्डाको रुपमा स्वीकार गर्‍यो । ने.क.पा. (माओवादी) र सात राजनीतिक दलहरुबीच भएको बाह्र बुँदे समझदारीमा निरंकुश राजतन्त्रको अन्त्य गरी संविधानसभाको निर्वाचनबाट पूर्ण लोकतन्त्र स्थापना गर्ने सहमति भयो । त्यसपछि सात दलको आव्हान र ने.क.पा. (माओवादी) को सक्रिय सहयोगमा आम नेपाली जनता जीउ ज्यानको पर्वाह नगरी आन्दोलित भई अघि बढे । यसले गर्दा सातदलद्वारा चैत्र २४ देखि २७ सम्म ४ दिनको लागि आह्वान गरिएको आम हड्ताल संयुक्त जनआन्दोलनमा परिणत भई नेपाली जनता उन्नाइसौं दिनमा राजाबाट राज्यसत्ता खोसेर संविधानसभाको निर्वाचनको मार्ग खोल्न सफल भए ।

## संविधानसभाका महत्वपूर्ण पक्ष के के हुन् ?

संविधानसभाका दुई महत्वपूर्ण पक्ष हुन्छन् । ती पक्ष हुन् एउटा अन्तरवस्तु र अर्को प्रक्रिया

### १. संविधानसभाको अन्तरवस्तु

अन्तरवस्तु भन्नाले संविधानसभाले अपनाउनुपर्ने सिद्धान्त र विषयवस्तु भन्ने बुझ्नुपर्दछ । आधुनिक संविधानवादको सिद्धान्तका अनुसार जनसम्प्रभुता, जनताका आधारभूत मौलिक अधिकारको ग्यारेन्टी, प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणालीको स्थापना, वालिग मताधिकार, स्वतन्त्र न्यायपालिका, विधिको शासन, आवधिक निर्वाचनजस्ता लोकतान्त्रिक मूल्यहरु नेपाली संविधानसभाका पनि स्वतः अन्तरवस्तु हुन् । यी बाहेक राज्यको पुनःसंरचना गरी संघीय परिपाटीको स्थापना र जनजाति, दलित, महिला र मधेसीहरुले समानुपातिक स्थान पाउने किसिमको

समावेशिताको प्रत्याभूति पनि अहिलेका जल्दाबल्दा मुद्दा हुन् । यस्तो संवैधानिक व्यवस्थाको स्थापना गर्ने जसमा राजनीतिक, आर्थिक, सामाजिक निर्णयमा जनताको अधिकारको सुनिश्चितता र प्राकृतिक श्रोतहरुमा तिनको स्वामित्व होस् । संविधानको अन्तरवस्तुको रुपमा जनस्तरबाट उठेको सबैभन्दा जल्दोबल्दो माग भनेको लोकतान्त्रिक गणतन्त्रको स्थापना हो । वस्तुतः यिनै विषयहरुको निर्क्यौल र छिनोफानो नै आजका प्रमुख विषय हुन् ।

**२. प्रक्रिया**

प्रकृया भन्नाले संविधान सभाका मार्फत संविधान निर्माणको प्रकृया भन्ने बुझ्नु पर्छ । यस सम्बन्धमा भने हाम्रो मुलुकमा सात दल, सरकार र नेकपा (माओवादी) माझ समय समयमा भएका सम्झौता र सहमतिहरुले नै संविधान निर्माणको एक निश्चित प्रकृया तय गरेको छ । जस अनुसार सरकार र नेकपा (माआवादी) माझ विस्तृत शान्ति सम्झौता भयो । त्यसै सम्झौताका आधारमा माओवादी लडाकुहरुलाई अस्थायी शिविरमा राखियो र जति मात्रामा विद्रोहीका लडाकाहरु अस्थायी शिविरमा बस्छन् त्यही अनुपातमा सरकारी सेना पनि संयुक्त राष्ट्रको निगरानीमा राखियो । अन्तरिम संविधान जारी भयो र त्यसैमा आधारित भएर नेकपा(माओवादी) समेत सम्मिलित भएको अन्तरिम व्यवस्थापिका-संसद बन्यो । त्यही सहमतिका आधारमा नेकपा(माओवादी) समेत सम्मिलित अन्तरिम सरकार बन्यो र संविधानले नै २०६४ साल ज्येष्ठ भित्रमा संविधान सभाको निर्वाचन गर्ने व्यवस्था गर्‍यो । तर तोकिएको समयमा संविधानसभाको निर्वाचन हुन नसके पछि अहिले अन्तरिक संविधान संशोधन गरी २०६४साल मंसीर ६ गते संविधानसभाको निर्वाचन सम्पन्न गर्ने नयाँ संवैधानिक व्यवस्था गरिएको छ ।

वास्तवमा संविधान सभाको निर्वाचन-प्रकृया र संविधान सभाका सदस्यहरुको संख्या पनि अन्तरिम संविधानमा तोकिएको छ । नेपालको समकालिन राजनीतिमा सवैभन्दा विवादास्पद मानिएको राजतन्त्रको भविष्यका वारेमा पनि निर्वाचित संविधान सभाको पहिलो वैठकले साधारण वहुमतवाट निर्णय गर्ने निधो भएको छ । अन्तरिम संविधानको दोस्रो संशोधनमा संविधानसभाको निर्वाचनमा राजावाट कुनै व्यवधान उत्पन्न भएमा अन्तरिम व्यवस्थापिका-संसदबाटै दुइ तिहाइ बहुमतले राजतन्त्र अन्त गर्नसक्ने प्रावधान समेत समावेश गरिएको छ । यस वाहेक संविधानका अन्य प्रावधान र धारा उप-धाराहरुको लेखन र निर्णयका विषयमा पनि त्यही अन्तरिम संविधानमा व्यवस्था गरिएको छ । यस प्रकार के भन्न सकिन्छ भने संविधान सभाका मार्फत नयाा संविधान कसरी बनाउने भन्ने विषयका लागि आवश्यक मानिएको प्रकृयाको कुरा भने आठ राजनीतिक दलहरुका माझ आपसी सहमतिवाटै विवादरहित ढंगले टङ्गिसकेकोछ ।

## लोकतन्त्र

**१. लोकतन्त्र भनेको के हो ?**

साधारणतया जनताले खुल्ला प्रतिस्पर्धाका माध्यमबाट आफ्नो शासक छान्न पाउने व्यवस्थालाई लोकतन्त्र भनिन्छ । लोकतन्त्रलाई अंग्रेजीमा डेमोक्र्यासी (Democracy) भनिन्छ । यो डेमोक्र्यासी शब्द ग्रिक भाषाको डेमोस (Demos) र क्रेसिया (Cratia) जस्ता दुई शब्दको योगबाट बनेको हो, जसको अर्थ क्रमशः जनता (People) र शासन (Rule) हुन्छ । अतः शब्दको व्युत्पत्तिको आधारमा लोकतन्त्र भनेको जनताको शासन (Rule of the people) हो । अर्को शब्दमा लोकतन्त्र शासनको त्यो रुप हो, जसमा शासनसत्ता जनताको हातमा हुन्छ र त्यसको प्रयोग उसले आफैं वा आफ्ना निर्वाचित प्रतिनिधिमार्फत गर्दछ ।

लोकतन्त्र एक व्यापक मान्यता हो । यसको सम्बन्धमा थुप्रै विद्वानहरुले आ-आफ्ना विचार पोखेका छन् । तर ती विचारमा एकरुपता पाईदैन । यसलाई विद्वानहरुमध्ये कसैले समाज-पद्धतिको रुपमा त कसैले शासन प्रणालीको रुपमा चित्रण गर्ने प्रयास गरेका छन् । यसैगरी व्यक्तिवादीहरुको दृष्टिमा लोकतन्त्र भन्नाले स्वतन्त्रताको संरक्षक र व्यक्तिको अधिकतम कल्याण गर्ने साधन भनिन्छ भने कम्युनिष्टहरुको दृष्टिमा बहुसंख्यक श्रमजीवी जनताको सत्तामा हुने बोलबाला नै लोकतन्त्र हो ।

शासन प्रणालीको रुपमा हेर्दा लोकतन्त्र कुनै वर्ग विशेषको शासन नभई जनताको शासन हो । यसमा सर्वसाधारण जनताले प्रत्यक्षरुपमा या आफ्ना प्रतिनिधिमार्फत शासनकार्यमा सहभागी हुने अधिकार राख्दछन् । लोकतन्त्रमा जनता नै राज्यसत्ताका स्रोत मानिन्छन् । सरकार जनताप्रति उत्तरदायी हुन्छ र कानुनको राज हुन्छ । समानता, स्वतन्त्रता, बन्धुत्व र मानवता लोकतान्त्रिक शासनका प्रमुख आधार मानिन्छन् ।

लोकतन्त्रको दायरा निकै व्यापक एवं फराकिलो छ । यसको साइनो मानव जीवनको प्रत्येक पक्षसँग जोडिएको हुन्छ । यसको अभावमा मानिसको कुनै पनि क्षेत्र चाहे त्यो राजनीतिक होस् या आर्थिक, सामाजिक होस् या नैतिक, धार्मिक होस् या सांस्कृतिक, कसैको प्रगति संभव हुँदैन । जुन समाजमा वर्ग, जाति, धर्म, वर्ण र लिङ्गको आधारमा विभेद गरिँदैन, स्त्री र पुरुष, धनी र गरीब सबैलाई समानरुपले हेरिन्छ, आर्थिक क्षेत्रमा विषमता छैन, सबैलाई काम

गर्ने, काम गरे वापत उचित ज्याला प्राप्त गर्ने, मत दिने, चुनाव लड्ने, पद प्राप्त गर्ने, सरकारको गलत कामको विरोध गर्न पाउने, सभा संगठन गर्न पाउने, मन लागेको विचार र संगठनमा लाग्न पाउने छुट हुन्छ, नैतिक क्षेत्रको उत्थानको निम्ति एक आपसमा सहयोग, सद्भाव, सम्मान, माया, प्रेमको स्थिति विद्यमान छ भने यथार्थमा त्यहाँ वास्ताविक तथा जीवनउपयोगी लोकतन्त्र जीवित छ भन्दा अत्युक्ति हुँदैन ।

## समावेशी लोकतन्त्र

### १. समावेशी लोकतन्त्र भनेको के हो ?

समावेशी लोकतन्त्र भनेको शास्त्रीय लोकतन्त्र र समाजवादको वैचारिक समन्वयको उपज हो । यसमा जनमुक्ति आन्दोलनहरु, मानव अधिकार आन्दोलन, महिला अधिकारवादी आन्दोलन र हरियाली आन्दोलन (Green movement) जस्ता संसारका नवीनतम् आन्दोलनहरुको पनि त्यति नै योगदान छ । प्रतिनिधिमूलक लोकतन्त्र बढी प्रकृयामुखी भयो जसले राजनीतिक संस्थाहरुको पूर्ण विकास भएका पश्चिमी मुलुकहरुमा राम्रोसँग काम गरे पनि हाम्रो जस्तो मुलुकमा त्यो कर्मकाण्डी लोकतन्त्र (Ritualistic democracy) मा रुपान्तरित हुनपुग्यो । त्यति मात्र होइन, प्रतिनिधिमूलक लोकतन्त्रले अंगालेको बजार अर्थतन्त्र र समाजवादी शासनले अंगालेको केन्द्रीय योजनाले मुठ्ठीभर ठालुहरुको हातमा शक्ति केन्द्रित हुनपुग्यो । परिणामस्वरुप नयाँ शहस्राव्दीको आगमनसँगै विश्व अनेकौं बहुआयामिक राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय संकटहरुले घेरिन गयो । समावेशी लोकतन्त्रको धारणा यिनै समस्याहरुलाई चिर्दै समाजका सबै तहहरुमा शक्तिको समान वितरण गर्ने अभिप्रायले विकास भएको हो । यो व्यक्तिमाथि व्यक्तिको प्रभुत्वको सख्त वर्खिलाफमा छ ।

समावेशी लोकतन्त्रले सार्वजनिक वृत्त (Public realm) भित्र राजनीतिक क्षेत्रलाई मात्र होइन, आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रलाई समेत समेट्दछ । अर्थात ती सबै क्षेत्र जहाँ सार्वजनिक विषयमा सामुहिक निर्णयहरु हुन्छन् समावेशी लोकतन्त्रको दायरामा पर्दछन् । यसले यी सबै क्षेत्रमा गरिने सार्वजनिक निर्णय प्रक्रिया लोकतान्त्रिक र समावेशी हुनुपर्ने मान्यता अघि सार्छ । प्रकारान्तरमा भन्नुपर्दा समावेशी लोकतन्त्रका राजनीतिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष हुन्छन् र ती सबै क्षेत्रमा हुने लोकतान्त्रिक अभ्यासले मात्र समावेशी लोकतन्त्रलाई पूर्णता प्रदान गर्दछ ।

राजनीतिक क्षेत्रमा समावेशी लोकतन्त्रले दैवी वा जन्मजात श्रेष्ठताको पुरातन मान्यतालाई अस्वीकार गर्दछ । यो संस्थागत राजनीतिक प्रकृयामा अल्पतान्त्रिक प्रकृति (Oligarchic nature) को व्यवहारको विरोधी छ । यो सबै तहका राजनीतिक संरचनाहरुमा असमान राजनीतिक शक्ति सम्बन्धको वर्खिलाफमा छ । अर्थात यो सबै प्रकारका क्षेत्रीय, परिसंघीय (Confederal) र स्थानिय नागरिक संस्थाहरुमा महिला, जनजाति, दलित र अन्य सामाजिक सांस्कृतिक समूहहरुको समानुपातिक प्रतिनिधित्वको पक्षपाती छ । अर्थतन्त्रको क्षेत्रमा पनि यसले यिनै कुराहरुको पक्षपोषण गर्दछ । प्रकारान्तरमा भन्ने हो भने समावेशी लोकतन्त्रले अर्थतन्त्रको क्षेत्रमा पनि आर्थिक समावेशीता (Economic inclusiveness) को वकालत गर्दछ । यसले अल्पतान्त्रिक प्रकृतिका संस्थागत आर्थिक प्रकृयाहरुका साथै असमान आर्थिक शक्ति सम्बन्धहरुको विरोध गर्दछ । यसले सबै जाति जनजाति, महिला र दलितको रोजगारी लगायत सबै आर्थिक स्रोतहरुमाथि समान पहुाचको तरफदारी गर्दछ । आर्थिक लोकतन्त्र सामुदायिक आत्मनिर्भरता, उत्पादनशील स्रोतहरुमा सामुदायिक स्वामित्व र स्रोतहरुको परिसंघीय बाँडफाँडको पक्षपाती हुन्छ ।

राजनीतिक र आर्थिक क्षेत्रमा मात्र समावेशीकरण भएर पुग्दैन । अतः समावेशी लोकतन्त्रले सामाजिक क्षेत्रमा पनि समावेशीकरणको माग गर्दछ । सामाजिक क्षेत्रमा समावेशी लोकतन्त्र भन्नाले कामको थलो, घर, शिक्षण संस्था र यस वृत्तमा पर्ने आर्थिक वा सांस्कृतिक संस्थाहरुको लोकतान्त्रीकरणको सवाल हो । रोचक कुरा त के छ भने समावेशी लोकतन्त्रको वातावरणीय पक्ष पनि हुन्छ । यसले वातावरण-मैत्री संरचनागत रुपरेखाको परिकल्पना गर्दछ । बजार अर्थतन्त्र र राज्य समाजवादभन्दा भिन्न यसले वातावरणसँग बढी मेलमिलापपूर्ण सम्बन्धको विकास गर्ने कुरामा विश्वास राख्छ । स्थानीय निकायहरु र सामुदायिक संस्थाहरुलाई तिनका वरिपरिका प्राकृतिक स्रोतहरुमाथि अधिकार नै वातावरणका क्षेत्रमा समावेशी लोकतन्त्रको सार हो । वास्तवमा आफ्नो आसपासको जल, जमीन र जंगल जस्ता प्राकृतिक स्रोतहरुमा समुदायको नियन्त्रण रहने व्यवस्थाले एकातिर जनताको आर्थिक अवस्थामा सुधार ल्याउँछ भने अर्कोतिर पर्यावरणको संरक्षणमा गतिलो टेवा मिल्छ ।

समावेशी लोकतन्त्र एक बहुआयामिक अवधारणा हो र यसको अवलम्बनले लोकतान्त्रिक परिवेशमा मुलुकका सबै जाति र क्षेत्रको सर्वतोमुखी विकास सम्भव हुन्छ । वास्तवमा यिनै कारणहरुले गर्दा विद्रोही नेकपा (माओवादी) मात्र होइन आन्दोलनरत सात दलले पनि नेपालको परिप्रेक्षमा समावेशी लोकतन्त्रको पक्षमा आवाज उठाएका हुन् र अन्तरिम संविधानले यसमा जोड दिएका हुन् ।

अब जब कि ऐतिहासिक जनआन्दोलनमा जनताको जित भएको छ र आन्दोलनकारी सात दलको सरकार खडा भएको छ, स्वाभाविक रुपमा समावेशी लोकतन्त्र यो मुलुकको प्रमुख कार्यसूची बन्न पुगेकोछ । यसैले शताब्दियौंदेखि सीमान्तीकरण र बहिष्करणको शिकार भएका नेपालका जनजाति, दलित, महिला र मधेशीहरुलाई राष्ट्रिय जीवनको

मूलधारमा ल्याउँछ । राज्यको पुनः संरचनासँग जोडिएर समावेशी लोकतन्त्रको प्रयोग हुँदा यसले राजनीतिक, आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रमा व्यापक जनसमुदायको पहुँच बढाउँने मात्र होइन तिनलाई तिनको समन्यायिक स्थान दिलाउँछ ।

समावेशी लोकतन्त्र मूलतः बहुसांस्कृतिक मुलुकहरुमा त्यहाँको सामाजिक तथा साँस्कृतिक समुदायलाई सार्वजनिक नीति निर्माण तथा कार्यान्वयनको काममा न्यायपूर्ण स्थान दिने तथा सहभागी गराइने सिद्धान्तमा आधारित रहेको छ । राज्यभित्रका सबैले आ-आफ्ना भिन्न धर्म, संस्कृति, रीतिरिवाज, परम्परा, भाषा, रहनसहन तथा आस्था आदिको पहिचानलाई कायम राख्दै विना भेदभाव राज्य प्रणालीमा सहभागी हुन पाउने कानुनी मान्यता नै समावेशीकरण हो । यस किसिमको सहभागिताबाट मुलुकमा आदिवासी जनजाति, दलित, महिला, मधेसी तथा पिछडिएका क्षेत्रका जनसमुदायहरु समेतलाई देशका मुलधारमा समाहित गरिन्छ । राज्य व्यवस्थामा जति बढी निर्णय केन्द्रहरु बन्छन् समावेशीताको ढोका त्यति नै बढी खुल्छ । त्यसैले कुनै मुलुक जति बढी लोकतान्त्रिक हुन्छ त्यो त्यति नै बढी समावेशी हुनसक्छ । प्रत्यक्ष लोकतन्त्रका कैयौं महत्वपूर्ण उपायहरु अवलम्बन गर्ने स्वीटजरल्याण्ड उत्कृष्ट संघीय व्यवस्था अवलम्बन गर्दै समावेशी लोकतन्त्रको नमूना बनेको छ । त्यहाँ अहिले पनि शासनमा रहेको साझेदारी र स्वायत्तताको सिद्धान्तको कारण विविधता भईकन पनि राष्ट्रिय एकता कायम रहेको छ र त्यहाँको शासन व्यवस्था प्रत्यक्ष लोकतन्त्रको उदाहरण भएको छ । वर्तमान सन्दर्भमा बहुजातीय तथा बहुसांस्कृतिक मुलुकहरुले समावेशी लोकतन्त्रको ढाँचालाई विविध रुपमा लागु गरी आएका छन् । रुस, चीन, अमेरिका, क्यानाडा, ब्राजिल, बेल्जियम, स्पेन, फिनल्याण्ड, न्यूजिल्याण्ड, दक्षिण अफ्रिका, केन्या आदि देशहरुमा विविध रुपमा समावेशी प्रारुपका लोकतन्त्र लागु भएका छन् । जुन देशमा सामाजिक विविधतालाई लत्याई लोकतन्त्रको नाममा हैकमवादलाई लाद्ने प्रयास गरिएको हुन्छ त्यहाँ जातीय विद्रोहले चर्को रुप लिंदै जान्छ । अफगानिस्तान, कम्बोडिया, उगान्डा, रुवान्डा आदि देशहरु त्यसका उदाहरणहरु हुन् । समावेशीकरणको नीति आंशिक रुपमा लागु गरिआएका कतिपय देशमा जातिय विद्रोह संगठित रुपमा अघि बढिरहेको देखिन्छ । विद्रोहका लागि संगठित हुन नसकेका अल्पसंख्यक समुदायहरु लोप हुन थालेका उदाहरणहरु पनि छन् । राज्यले ती सबै समुहहरुलाई राजनीतिको मूलधारमा समाहित गरी तिनीहरुको आवाज सुन्ने काम नगरेसम्म विकास प्रकृयाले पनि पूर्णता लिन सम्भव हुँदैन । यही तथ्यलाई मनन् गरी संयुक्त राष्ट्रसंघ र यु.एन.डी.पी. जस्ता विश्व संस्थाहरुले वर्तमान विविधतायुक्त विश्वको सामाजिक परिवेशमा सामुदायिक विकासका लागि समावेशीकरण हुनुपर्ने कुरामा जोड दिन थालेका छन् । यस सम्बन्धमा यु.एन.डी.पी. (UNDP) को मानव विकास प्रतिवेदन २००४ मा भनिएको छ, बहुसांस्कृतिक देशमा एउटै जाति बीच मायाँ र गौरव बढाउने स्वशासन र त्यहाँका सबै जातिहरुका बीच शासन साझेदारी खडा हुने साझा संस्था र चिन्हहरु हुनुपर्दछ । यस्तो हुँदा राष्ट-राज्य (Nation-State) को विकल्प राज्य-राष्ट्र (State-Nation) हुनेछ, जहाँ जातीय, धार्मिक, भाषिक तथा आदिवासीको पहिचान शान्तिपूर्ण सहअस्तीत्व तथा सहयोगात्मक रुपले एउटै राज्यभित्र रहन सक्दछ । यसप्रकार समावेशी लोकतन्त्रको परिदृश्य अगाडि बढिरहेको विश्वको राजनीतिक परिवेशमा संयुक्त राष्ट्रसंघले उन्नाइसौं शताब्दीमा युरोपेली क्रान्तिले अघि सारेको राष्ट्र-राज्यको अवधारणालाई उल्टाएर राज्य-राष्ट्रको अवधारणालाई अघि सारेर एउटै राज्यभित्र विविधताले युक्त सामाजिक संरचनाको पहिचानलाई अघि बढाउन खोजेको छ । यसलाई आत्मसात गर्नु लोकतन्त्रवादीहरुको लागि व्यावहारिक मार्ग हुनेछ ।

समावेशी लोकतन्त्रलाई सहभागितात्मक लोकतन्त्र र समाजवादको साधन वा संश्लेषण पनि भनिन्छ । त्यसैले कतिपयको दृष्टिमा समावेशी लोकतन्त्र मार्क्सवादी मुक्ति योजना (Marxist Emancipatory Project) को नवीन रुप वा पुनर्परिभाषा पनि हो । यथार्थमा समावेशी लोकतन्त्रले समाजको प्रत्येक व्यक्तिलाई सामाजिक, आर्थिक, राजनीतिक आदि प्रक्रियाहरुमा स्वतन्त्र सदस्यको हैसियतले सहभागी हुन पाउने परिस्थितिको निर्माणमा बल पुर्‍याउँछ । यस कार्यमा समावेशी लोकतन्त्रका प्रवर्तक टाकिस फोटोपाउलस (Takis Fotopoulous) को विशेष योगदान रहेको छ । फोटोपाउलसले बहुआयामिक संकटबाट ग्रसित वर्तमान विश्वलाई त्यसबाट मुक्ति दिलाउन समावेशी लोकतन्त्रको आवश्यकता अपरिहार्य भएको बताउदै विशेषगरी राजनीतिक, आर्थिक, सामाजिक र पर्यावरणीय लोकतन्त्रमा जोड दिएका छन् । उनको दृष्टिमा राजनीतिक लोकतन्त्रमा जनताले निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागि हुन पाउने अवसर मिल्छ भने आर्थिक लोकतन्त्रमा उत्पादनका साधनहरुमाथि निजी स्वामित्वको अन्त्य र जनस्वामित्वको स्थापना हुन जान्छ । त्यस्तैगरी सामाजिक लोकतन्त्रमा सामाजिक जीवनका प्रायः सबै क्षेत्रमा सबै किसिमका असमानताहरुको अन्त्य हुन्छ भने पर्यावरणीय लोकतन्त्रमा विकास र उत्पादनको खातिर भइरहेको प्रकृतिको विनाशलाई रोक्ने कामका साथै वातावरण- मैत्री विकासले प्रश्रय पाउँछ ।

**२.नेपालमा समावेशी लोकतन्त्रको आवश्यकताः-**

नेपालमा समावेशी लोकतन्त्रको आवश्यकता अत्यन्त धेरै छ । यसको पुष्टि तल उल्लेखित बुँदाहरुबाट हुनेछ :

**क) राष्ट्रिय एकता कायम राख्न**

नेपालको बहुल सांस्कृतिक समाजमा समानता र आपसी सम्मानको स्थिति कायम राख्न सकेमा नै जनताहरुका बीच सामाजिक सद्‌भाव, सहयोग तथा समन्वय कायम हुन गई राष्ट्रिय एकता अक्षुण्ण रहने हुन्छ । त्यसको लागि शासनमा समावेशीकरण एक मात्र आधार हो ।

**ख) लोकतन्त्रलाई संस्थागत गर्न**

लोकतन्त्रलाई व्यावहारिक रुपमा रुपान्तरण गर्ने भनेको नै समावेशीकरण हो । जसबाट समाजका सबै वर्ग, समुदाय तथा क्षेत्रका नागरिकहरुले राष्ट्रिय मामिलामा समान रुपले सहभागि हुने अवसर प्राप्त गर्दछन् । यसको लागि प्रतिनिधित्व गराउने क्षेत्र स्पष्ट हुनुपर्दछ । कुन कुन क्षेत्रबाट के ? कति ? र कसरी ? प्रतिनिधित्व गराउने भन्ने सम्बन्धमा स्पष्ट हुनु आवश्यक छ । यसबाट नै लोकतन्त्रको वास्तविक मूल्य र मान्यता जनताको जनताले र जनताको लागि भन्ने कुराको व्यावहारिक उपादेयता सावित हुन सक्छ । तब नै लोकतन्त्रको संस्थागत विकास हुन सक्छ ।

**ग) द्वन्द्व समाधान गर्न**

नेपालमा विद्यमान सीमित सामन्तवर्गको राज्यमाथि आधिपत्य र एकाधिकारलाई रुपान्तरण गरेर देशको बहुलतायुक्त सामाजिक यथार्थताअनुरुप राज्यलाई समावेशी लोकतान्त्रिक मूल्य, मान्यताको आधारमा दिशाबोध गराउने एवं बहुसंख्यक जनता बीचको द्वन्द्व समाधानको मार्ग अहिलेको अवस्थामा शासन सत्ताको समावेशीकरण नै हो । जसबाट समाजका विभिन्न तप्का तथा समुदायको राज्य संयन्त्रमा समान हैसियत कायम हुन गई द्वन्द्व समाधान गर्न सकिन्छ । जबसम्म समाजमा विद्यमान जाति, भाषा, धर्म, संस्कृति, प्रादेशिकता आदिको भिन्न अस्तित्वलाई समावेशीकताका माध्यमबाट सम्मानित ढंगले सम्मिलित गराइदैन तबसम्म द्वन्द्व समाधान सम्भव हुँदैन ।

**घ) राज्यसत्तामा समानुपातिक प्रतिनिधित्व गर्न**

नेपाल भौगोलिक रुपले सानो देश भए पनि बहुजातीय, बहुभाषिक एवं बहुसांस्कृतिक संरचना भित्र सयभन्दा बढी जातजाति, ९० भन्दा बढी भाषाभाषी र त्यत्तिनै संस्कृति अनि हिन्दु, बौद्ध, मुस्लिम, इसाई, बोन आदि धार्मिक सम्प्रदाय रहेको यथार्थतालाई स्वीकार गरी राज्यसत्तामा ती सबैको प्रतिनिधित्व र पहुँच हुनु जरुरी छ । त्यसको लागि समावेशीकरणको नीति उपयुक्त माध्यम हो र निर्वाचन प्रणालीमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई व्यवहारमा उतार्नु पर्दछ । २०४७ सालको संविधानले स्थापित गरेको साधारण बहुमत प्रणालीबाट शासनसत्तामा वास्तविक बहुमतलाई वेवास्ता गरी अल्पमत पक्षबाट राज्यमा एकाधिकार जमाएको यथार्थताले लोकतन्त्रको मूल्य, मान्यतालाई समुचित ढंगले प्रतिनिधित्व गर्न सक्दैन । २०४८ को निर्वाचनमा ने.का.ले ३८.५८ प्रतिशत मात्र लोकप्रिय मत प्राप्त गरेपनि प्रतिनिधिसभामा ११० स्थानमा विजय हासिल गरी एकलौटी रुपमा राज्यसत्तामा रजाई गर्‍यो । जबकि प्रतिनिधि सभामा ९५ स्थानमा विजय भएकाले ६२.२५ प्रतिशत जनताको मत प्राप्त गर्दा पनि त्यसको सरकारमा कुनै प्रतिनिधित्व हुन सकेन । त्यसैगरी २०५६ को आम निर्वाचनमा पनि लोकप्रिय मतको प्रतिशत ३६.१४ पाएपनि नेपाली कांग्रेसले संसद्‌मा १११ सिट अर्थात् ५४.१५ प्रतिशत स्थान पाएकाले एकलौटी सरकार गठन गर्ने अधिकार पायो । ने.क.पा. (एमाले) सहित सम्पूर्ण प्रतिपक्षले ६१.४२ प्रतिशत मत प्राप्त गर्नेहरुबाट सरकारमा कुनै किसिमको प्रतिनिधित्व हुन सकेन । यसरी बहुमतलाई बाहिर राखी अल्पमतको एकाधिकारमा चलेको सरकारबाट ती सबै पक्षको हितको प्रतिनिधित्व कदापि सम्भव हुँदैन । त्यसकारण सही लोकतन्त्रको लागि पहिलो हुने निर्वाचित हुने (पहुनिहु) साधारण बहुमत प्रणाली त्रुटीपूर्ण भएको यथार्थतालाई स्वीकार गरी विश्वका लोकतन्त्रप्रेमी राज्यव्यवस्थाले समावेशीकरणको लागि समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीतर्फ ध्यान केन्द्रित गर्न थालेका छन् । नेपालजस्तो भौगोलिक, जातीय एवं सामाजिक विविधताले युक्त मुलुकको लागि समावेशितालाई व्यवहारमा उतार्न समानुपातिक प्रतिनिधित्व प्रणाली आवश्यक मात्र होइन कि अपरिहार्य भएको छ ।

**ङ) देशलाई खण्डित हुनबाट बचाउन**

देशको सार्वभौमसत्ता र अखण्डतालाई बचाई राख्न समाजका विभिन्न समुदायलाई देशको मूल प्रवाहमा समेट्न जरुरी हुन्छ । संकीर्ण राजनीतिक संस्कार बोकेका समाजमा जनता आफ्ना अधिककारहरु प्रति त्यति सजग हुँदैनन् र अन्याय पनि  भाग्यको खेल भन्दै सहन पुग्छन् । तर जहाँ जागरुक खुला समाज छ, त्यो समाज सहभागी राजनीतिक संस्कारतर्फ पनि त्यत्तिकै सक्रिय र क्रियाशिल हुन्छ । यदि त्यो क्रियाशिल सहभागितालाई राज्यले

सम्बोधन गर्न सकेन भने ती समुदायहरुले त्यही राज्यमा एकीकृत रहेर वस्नु अर्थहीन ठान्नसक्छन् । त्यस्तो अवस्थामा देश टुक्रिन सक्छ । देशलाई टुक्रनबाट बचाउनको लागि पनि समावेशीकरणको नीति अवलम्बन गर्नु जरुरी हुन्छ । यो काम संविधानसभामार्फत नै हुन सक्छ ।

**च) मुलुकको समानुपातिक विकास गर्न**

नेपाल विविध जाति जनजाति, भाषा, धर्म र संस्कृतिले मात्र नभई भौगोलिक विविधताले पनि युक्त मुलुक हो । यहाँ प्रत्येक भौगोलिक क्षेत्रको समग्र विकास समान किसिमले नभई असमान रुपमा हुँदै आएको छ यो कुरा नेपालको पूर्व र पश्चिम क्षेत्रलाई तुलना गर्दा प्रष्ट हुन्छ । अतः संविधानसभामार्फत राज्यलाई संघात्मक स्वरुप दिंदै पुनः संरचना गरी प्रत्येक भौगोलिक क्षेत्रलाई आ-आफ्नो श्रोत र साधनको स्वतन्त्र रुपमा उपयोग गर्न पाउने स्थिति खडा भएमा मुलुकको समानुपातिक विकासमा टेवा पुग्ने थियो । वस्तुतः समावेशीताले मुलुकको समानुपातिक विकासमा टेवा पुर्‍याउँछ ।

समावेशी लोकतन्त्र राष्ट्रिय एकताको आधार हो । नेपाल जस्तो विविधतायुक्त समाजमा विभिन्न जाति, भाषा, धर्म, आदिका बीच न्यूनतम एकता कायम राखी भविष्यमा देखा पर्न सक्ने संकटलाई टार्ने कार्यमा समावेशी लोकतन्त्र देशको सफल राजनीतिक पद्धति हुने कुरामा दुई मत हुन सक्दैन । लोकतान्त्रिक गणतन्त्रको आधार पनि यही नै हो ।

**छ) बहुसंख्यक जनतालाई शासनमा सहभागी गराउन**

आजसम्म यस मुलुकमा बहुसंख्यक जनता वहिष्करणको शिकार भए, उनीहरुको सीमान्तीकरण भयो र उनीहरु मुलुकको मूल राजनीतिक धारामा समावेश हुन पाएनन् भनेर ठूलो आवाज उठेको छ । यो कुरा साँचो पनि हो । यी गहन मुद्दाहरुलाई सम्बोधन गर्न संविधानसभाजस्तो उचित बाटो अरु कुनै हुन सक्दैन । वस्तुतः समावेशी लोकतन्त्रको यही पहिलो आधारभूत खुड्किलो हो । यसले दलित, जनजाति, मधेसी र महिलाहरु मात्र होइन मुलुकका धार्मिक र भाषिक समूहलाई समेत आफ्नो आवाज मुखरित गर्ने मञ्चका साथै तिनका हितहरुको समायोजन गर्ने उपयुक्त थलो प्रदान गर्दछ । आफ्नो मागको पक्षमा अर्काले बोलिदिएको वा वकालत गरिदिएको भन्दा आफैंले बोलेको वा वकालत गरेको ठीक ठहर्छ । यस हिसाबले पनि संविधानसभा आज मुलुकका सबै जाति, जनजातिलाई राष्ट्रिय राजनीतिको मूलधारमा समावेश गर्ने उपयुक्त साधन हुन सक्छ ।

**ज) राज्यको पुनः संरचनाका दृष्टिले**

राज्यको पुनः संरचना (Restructuring of State) को मागले पनि यसको औचित्यको पुष्टि गर्दछ । आज मुलुकका सामु तेर्सिएका अधिकांश सामाजिक, आर्थिक समस्याहरु मुलुकमा विद्यमान २३८ वर्ष पुरानो राज्यको अति केन्द्रीकृत संरचनाका उपज हुन् भन्ने धारणा समाज वैज्ञानिकहरुको छ । माओवादीहरुले पनि यिनै मुद्दालाई हिजो जोडतोडले उठाए र ठाउँ ठाउँमा “स्वायत्त जनसरकारहरु” खडा गरे । राज्यलाई संघीय संरचनामा ढाल्ने कि क्षेत्रीय वा जातीय स्वायत्तताको मार्ग अवलम्बन गर्ने भन्ने प्रश्नको पनि अन्तरिक संविधानको पहिलो संशोधनले टुङ्गो लगाइसक्यो । मधेश आन्दोलनको पृष्टभूमिमा भएको यो संशोधनले राज्यको संघात्मक ढंगले समावेशी एवं अग्रगामी पुनर्संरचना गर्ने निधो गरेको छ । वरु राज्यको पुनर्संरचना गर्दा संघवादले केन्द्रीय र क्षेत्रीय ठालूहरुमाझ शक्तिको बाँडफाँट भै स्थानीय जनता लोकतान्त्रिकअधिकारवाट बंचित नहोउन् भन्ने कुरामा विशेष चनाखो हुन जरुरी छ । अतः राज्यको स्वरुप संघात्मक हुनुको साथै निक्षेपण र विकेन्द्रीकरणको अधिकतम् उपयोग गर्नु आवश्यक छ । यो प्रश्नको तहमा सहभागितामूलक र कार्यथलोको लोकतन्त्र (Workplace Democracy) को अभ्यासको प्रश्न जोडिएको छ । राज्यको पुनः संरचनासँग जोडिएका यी सबै प्रश्नको छिनोफानो संविधानसभाले भन्दा राम्रोसाग अरु कुनै माध्यमबाट हुन सक्दैन ।

## राज्यको पुनः संरचना

**क) राज्यको पुनः संरचना भनेको के हो ?**

पुनःसंरचना शब्दको शाब्दिक अर्थ कुनै वस्तुको भैरहेको स्वरुप वा ढाँचालाई परिवर्तन गर्नु वा नयाँ बनाउनु भन्ने हुन्छ । राज्यको पुनः संरचना भनेको पनि त्यसको विद्यमान ढाँचा वा स्वरुपलाई फेरबदल गर्नु वा परिवर्तन गर्नु अर्थात् देश र जनताको चाहना एवं आवश्यकताअनुसार समयसापेक्ष बनाउनु भन्ने हुन्छ । यदि एकात्मक राज्य संघात्मकमा बदलिने काम हुन्छ भने त्यो राज्यको पुनःसंरचना कहलाउँछ । त्यस्तै संघात्मक राज्यमा कुनै क्षेत्र विशेषका जनताले अलग राज्य वा प्रदेशको माग गरे भने तिनको मागलाई सम्बोधन गर्न पनि राज्यको पुनः

संरचनाको आवश्यकता पर्छ । स्थापनाको समयदेखि एकात्मक रहेको नेपाल भन्दा सानो र चानचुन एक करोड जनसंख्या भएको बेल्जियम सन् १९८८ मा पुनः संरचित भै संघात्मक राज्यमा परिणत भयो । जनताकै मागलाई पूरा गर्न भारतमा समय-समयमा भैरहेका प्रदेशहरुलाई विभाजित गरी नयाा प्रदेशहरुको निर्माण गरिएको छ । पुनःसंरचना भित्र राज्यको विधायिका र कार्यपालिकाको विद्यमान स्वरुपको परिवर्तन पनि पर्छ । त्यति मात्र होइन, यसले प्रतिनिधित्व प्रणाली, आर्थिक तथा सामाजिक प्रणालीको पुनः संरचनालाई समेत समेट्दछ । अर्को शब्दमा भन्नुपर्दा पुनः संरचनाले देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासहित सामाजिक, आर्थिक, सैन्य व्यवस्थाको पुनः संरचनालाई समेत जनाउँछ ।

राज्यको प्रचलित स्वरुप एकात्मक (Unitary), संघात्मक (Federal), र परिसंघात्मक (Confederational) मध्ये कुनै एक हुन्छ । एकात्मक स्वरुप भएको राज्य मध्ये पनि कुनै अति केन्द्रीकृत हुन्छन् भने कुनै विकेन्द्रित । यसरी एकात्मक राज्यमा प्रशासनिक सुविधाका निम्ति मुलुकलाई विभिन्न भागमा बाँडेर तिनलाई विकेन्द्रिकरण वा निक्षेपणका माध्यमबाट अधिकार प्रत्यायोजन गरे पनि ती प्रशासनिक वा राजनीतिक एकाइले प्राप्त गर्ने अधिकार मौलिक हुँदैनन् । सरकारले चाहेका बेला ती अधिकार जतिबेला पनि हरण गर्न सक्छ । यस्तो राज्य व्यवस्थामा सम्पूर्ण पहलकदमी केन्द्रको हातमा हुन्छ र तल्ला एकाइहरु तिनका निष्प्राण छायाँ जस्ता हुन्छन् । एकल जाति भएको मुलुकको लागि उपयुक्त भए पनि बहुजातीय, बहुधार्मिक र बहुभाषिक मुलुकका लागि यो राज्य संरचना ठीक मानिदैन । नेपाल, बेलायत, चीन आदि मुलुकमा एकात्मक राज्य प्रणाली छ ।

संघात्मक स्वरुप भएको राज्य विकेन्द्रित हुन्छ । राज्य संविधानद्वारा नै अनेक प्रान्तहरुमा बाँडिएको हुन्छ । त्यहाँ स्पष्ट रुपले कम्तीमा पनि दुई तहको निर्वाचित सरकार हुन्छ । तिनका माझमा संविधानद्वारा नै अधिकारको बाँडफाँड गरिएको हुन्छ । यस्तो राज्यमा प्रान्त वा प्रदेशहरुको अधिकार मौलिक हुन्छ र तिनमाथि केन्द्र सरकारले हस्तक्षेप गर्न पाउँदैन । यसले नीति र निर्णय निर्माणका बहुकेन्द्रहरुको स्थापना गर्दछ । जातीय, धार्मिक, भाषिक तथा क्षेत्रीय विविधता भएका समाजका लागि यो राज्य संरचना सुहाउँदो मानिन्छ । अमेरिका, भारत, दक्षिण अफ्रिका आदि मुलुकमा संघात्मक राज्य प्रणाली छ । परिसंघात्मक स्वरुप भएको राज्य अति विकेन्द्रित हुन्छ । यस्तो राज्य स्वतन्त्र राज्यहरुले आफ्नो सुविधाका लागि नाममात्रको परिसंघ बनाएर खडा गरेका हुन्छन् । यस्ता राज्यमा शक्तिको स्रोत केन्द्रीय सरकार नभै मातहतका राज्य एकाईहरु हुन्छन् । त्यसर्थ यहाँ केन्द्रिय सरकार आफ्नो मातहतका सरकारहरुको लाचार छायाँजस्तो हुन्छ र अधिकांश अधिकार प्रदेश तहका सरकारहरुले उपभोग गर्दछन् । सन् १७७६ मा स्वतन्त्र हुनासाथ अमेरिकाका १३ राज्यहरुले प्रारम्भमा यही परिसंघात्मक राज्य व्यवस्था अंगिकार गरेका थिए । तर अनेकौं व्यावहारिक कठिनाइले गर्दा तिनै राज्यहरुले सन् १७८७ मा आपसमा मिलेर संघात्मक राज्यको स्थापना गरे ।

कुनै राज्यले कस्तो राज्य संरचना अपनाउनु पर्दछ भन्ने कुरा त्यसको माँग र आवश्यकतामा भर पर्छ । परम्परा देखि एकात्मक राज्य संरचनामा बाँधिएका मुलुकहरुले संघात्मक स्वरुप अपनाएका उदाहरण पनि छन् । भारत, दक्षिण अफ्रिका, बेल्जियम, हर्जगोविना आदि मुलुकहरु आफ्ना आवश्यकतालाई सम्बोधन गर्न एकात्मकबाट संघात्मक भएका हुन् ।

राज्यको संरचना एकात्मक, संघात्मक वा अन्य कुनै पनि किसिमको हुनसक्छ, प्रमुख कुरा त्यसको विद्यमान संरचना देश र जनताको हितमा छ या विरुद्धमा, त्यो महत्वपूर्ण मानिन्छ । यदि राज्यको संरचना बहुसंख्यक जनताको हितमा छैन, मुट्ठीभर मानिसको हितलाई मात्र पक्षपोषण गरिरहेको छ, आफ्नै जनताका बीच विभेदपूर्ण नीतिको अवलम्वन गर्दै शोषण, दमन र उत्पीडनलाई प्रश्रय दिइरहेको छ भने त्यसको विरुद्ध जनता जाग्दछन् र आफ्नो हित अनुकूलको राज्य संरचना निर्माणका लागि विद्रोह गर्दछन् । विद्रोहको परिणाम अन्ततः जनताकै पक्षमा हुन्छ । नेपाल यस कुराको साक्षी बन्दैछ ।

नेपालमा लगभग २३८ वर्षदेखिको एकात्मक केन्द्रकृत तथा असामयिक, विभेदपूर्ण र जनविरोधी राज्यको संरचना कायम छ । साथै यो यहाँको बहुलवादी सामाजिक चरित्रअनुरुप पनि छैन । लगभग १०० भन्दा बढी जाति जनजाति, ९० भन्दा बढी भाषा भाषी र झण्डै दस किसिमका धर्मावलम्बी यस मुलुकमा बसोबास गर्छन् । राज्य सत्ताले ती मध्ये अधिकांशलाई राजनीतिक मूल प्रवाहमा ल्याउन सकेको छैन । यसले अहिलेका नेपाली जनताको भावनालाई पनि प्रतिनिधित्व गर्न सक्दैन । यो पूर्णरुपमा असफल पनि भैसकेको छ । यसैले यसको पुनःसंरचना गर्नु अपरिहार्य भएको छ । यस यथार्थतालाई आत्मसात गर्दै मुलुकमा विद्यमान साना-ठूला राजनीतिक दलहरु, मानवाधिकारकर्मीहरु, समाजशास्त्रीहरु, मजदुर, किसान, विद्यार्थी, बुद्धिजीवी, वकिल, डाक्टर, पत्रकार, आदिवासी, जनजाति, दलित, महिला, मधेशी आदि सबै संविधानसभा मार्फत नेपाल राज्यको पुर्नसंरचना गरिनुपर्ने कुरामा लगभग सहमत देखिन्छन् । त्यसैले अन्तरिम संविधान २०६३ को धारा १३८ मा वर्गीय, जातीय, भाषिक, लैंगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचा अन्त्य गरी संघात्मक ढाँचा अवलम्वन गरिने छ र राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरिनेछ भनिएको छ ।

माओवादी विद्रोहीहरुले त २०५२ सालदेखि नै मक्किसकेको वर्तमान राज्य संरचनालाई बदल्न हतियारबन्द युद्ध लड्दै आएका थिए । अन्तरिम संविधानमा व्यवस्था भए अनुसार निकट भविष्यमा हुन गैरहेको संविधानसभाको

निर्वाचनले नेपाली जनताले गर्न खोजेको राज्यको पुन: संरचनाजस्तो महत्वपूर्ण कार्य पूरा हुनेछ । स्वाभाविक रुपमा त्यस पुन: संरचित राज्यमा बहुसांस्कृतिक चरित्र झल्किनेछ र त्यसले २१ औं शताब्दीका नेपाली जनताले चाहना गरेको समावेशी लोकतन्त्र, सहमतीय शासन प्रणाली, स्वायत्तता, संघीयता, धर्मनिरपेक्षता, सबै भाषा, धर्म र संस्कृतिको समान विकास गर्ने नीतिलाई अवलम्बन गर्दै नागरिक अधिकार, कानुनको शासन, स्वतन्त्र न्यायपालिका, उत्तरदायी सरकारको स्थापना गरी मानवअधिकार, स्वतन्त्रता, समानता, न्यायको सम्मान गर्ने राजनीतिक व्यवस्थाको स्थापना गर्नेछ । साथै त्यस राज्यले नेपाली जनताको गास, वास, कपास, रोजगारी, शिक्षा, स्वास्थ्यको ग्यारेन्टी गर्नेछ र वृद्ध, महिला, अपाङ्ग, असहायहरुको संरक्षक बन्नेछ ।

वास्तवमा राज्यको पुनर्संरचना भनेको त्यसको भौगोलिक विभाजन वा प्रादेशिक खण्डिकरण मात्र होइन । अर्थतन्त्रको पुनर्संरचना तथा सेनाको पुनर्संरचना पनि उत्तिकै महत्वपूर्ण हुन्छ । नेपाल २३८ वर्ष देखि सामन्तवादी सामाजिक-आर्थिक सम्वन्ध बेहोर्न बाध्य छ । अत: यसलाई पुनर्संरचना गर्ने भनेको सामन्ती राज्य व्यवस्थाका सवै अवशेषहरुको समाप्ति, सामन्ती भूस्वामित्वको अन्त्य र अर्थतन्त्रलाई पुँजिवादी स्वरुपमा ढाल्ने भनेको हो । सेना पनि राज्यको अनिवार्य अंग हो त्यसलाई पनि एक परिवारको सेनाबाट राष्ट्रको सेना बनाउनका लागि ठूलो उलटफेरको आवश्यकता छ । यो कार्य नेपाली सेना र माओवादी जनसेनालाई मिलाएर जनता र मुलुक प्रति जिम्मेवार सेनामा पुनर्संरचित गर्नुपर्छ । अनिमात्र राज्य पुनर्संरचनाको सवै अंग पूरा हुन्छ ।

## ख) नेपालमा राज्यको पुन: संरचना गर्न किन आवश्यक छ ?

आज नेपालमा राज्यको पुनर्संरचनाको जे-जसरी आवाज उठेको छ त्यसको चुरोमा रहेको कुरालाई बुझ्न जरुरी छ । प्रकारान्तरमा भन्ने हो भने आम नेपालीले नेपाल राज्यको पुनर्संरचनालाई जसरी बुझेका छन् र त्यसका माध्यमवाट जे परिवर्त्तनको चाहना गरेकाछन् त्यही नै हाम्रो लागि राज्यको पुनर्संरचना हो । बुँदागत रुपमा भन्नु पर्दा हाम्रो सन्दर्भमा राज्यको पुनर्संरचना भनेको:-

- राज्य-संयन्त्रको एकात्मकवाट संघात्मकमा परिवर्तन,
- राज्य-व्यवस्थाको निरंकुश असमावेशी सामन्ती स्वरुपवाट लोकतान्त्रिक समावेशी गणतान्त्रिक ढाँचामा रुपान्तरण,
- अर्थतन्त्रमा सामन्ती भूस्वामित्वको अन्त र जातीय तथा वर्गीय मुक्ति,
- आर्थिक असमानताको अन्त, गरीवी निवारण र शिक्षा, स्वास्थ्य र जीविकामा सामान्य जनताको पहँच,
- सेनाको लोकतान्त्रिक रुपान्तरण,
- एकल भाषाको अन्त्य गरी बहुल भाषाको प्रचलन,
- मुलुकका साधन–स्रोतको समन्यायिक वितरण ,र
- जन-जीविकाको ग्यारेण्टी ।

वास्तवमा राज्य पुनर्संरचित हुन त्यसमा यी गुणहरु हुन जरुरी छ ।

नेपालमा राज्यको पुनर्संरचना विभिन्न कारणले जरुरी छ । बुँदागत रुपमा भन्नुपर्दा राज्यलाई एकात्मकवाट संघात्मक वनाउन, मुलुक राजतन्त्रात्मक रहिरहने कि गणतन्त्रात्मक हुने भन्ने कुराको निर्णय गर्न, वर्गीय तथा जातीय शोषणका संरचनाहरुलाई समाप्त गर्न, एक भाषा तथा एक संस्कृतिको हैकमवाट नेपाली समाजलाई मुक्त गर्न, राज्य संचालनका संयन्त्र तथा निर्णय प्रकृयाका साथै रोजगार, शिक्षा तथा स्वास्थ्यका अवसरमा आम जनताको पहुँच पुर्‍याउन जस्ता मुद्दाहरु नै आज नेपालमा राज्य पुनर्संरचनासंग जोडिएका महत्वपूर्ण विषय हुन् । जव सम्म आम जनतामा यो राज्य मेरो राष्ट्रिय घर हो भन्ने भावना जागृत हुँदैन तब सम्म राज्य पुनर्संरचनाको कुनै औचित्य रहँदैन ।

तल उल्लेखित विभिन्न कारणहरुले गर्दा नेपालमा हाल कायम रहेको पुरानो राज्य व्यवस्थालाई बदल्नुपर्ने अर्थात् त्यसको पुन:संरचना गरिनुपर्ने अवस्था टड्कारो बनेको छ : -

### १. सुहाउँदो राज्य संरचना कायम गर्न

प्रत्येक कुराको अस्तित्वलाई समयले निर्धारण गर्दछ । समय विपरितको कुनैपनि कुरा धेरै दिन टिक्दैन । यो नियम राज्यको संरचनामा पनि लागू हुन्छ । नेपालको वर्तमान राज्य संरचना लगभग २३८ वर्ष पुरानो छ । यो मध्ययुगीन जनविरोधी सामन्ती मूल्य र मान्यताद्वारा नियन्त्रित एवं निर्देशित छ । यसले २१ औं शताब्दीका जनताका भावना र चाहनालाई प्रतिनिधित्व गर्न असमर्थ मात्र होइन पूर्ण रुपमा असफल सावित भैसकेको छ । अब यसको स्थानमा समय सुहाउँदो नीति र निर्णय निर्माणको बहुकेन्द्र युक्त लोकतान्त्रिक राज्यको संरचना कायम गर्नु समयको माग बन्न गएको छ ।

## २. राष्ट्रिय एकता कायम गर्न

वर्तमान राज्य संरचना अत्यन्त पक्षपातपूर्ण रहँदै आएको छ । यसले नेपाली - नेपालीहरुबीच विभेदपूर्ण स्थिति कायम गर्दै आएको छ । मुलुकमा विद्यमान जातीय, धार्मिक, भाषिक, सांस्कृतिक एवं भौगोलिक विविधतालाई यसले आत्मसात गर्न सकेको छैन । एक जाति, एक धर्म, एक भाषाको गलत एवं राष्ट्र विरोधी नीति अवलम्बन गर्दै अन्य सबै जाति, भाषा, धर्म र संस्कृतिलाई वेवास्ता गर्दै आएको छ । तिनीहरुको उन्नतिको बाधक बनेको छ । एक किसिमले हिन्दु जाति र धर्मबाहेकका अन्य सबै मानिसको मनमा देश हाम्रो हो राज्य हाम्रो होइन भन्ने भावना जगाउने काम गरेको छ । यो स्थिति राष्ट्रिय एकताका दृष्टिले शुभ संकेत मानिदैंन । त्यसैले हाम्रोजस्तो विषम भू-बनोट, अनेक जाति, जनजाति, भाषा र संस्कृति भएको मुलुकमा सबैको सहअस्तित्व कायम गर्न, सबैलाई राष्ट्र निर्माणको मूल मार्गमा डोर्‍याउन, सबैले राज्य हाम्रो पनि हो भन्ने स्थिति खडा गर्न, विद्यमान सबै किसिमका विभेदपूर्ण स्थिति, उत्पीडन, थिचोमिचो, शोषण र दमनको अन्त्य गरी राष्ट्रिय एकतालाई मजबूत पार्न आवश्यक भएको छ । यस कार्यका निम्ति वर्तमान राज्यको पुनःसंरचना पहिलो शर्त हो । यसमा ढिलाइ गर्नुहुन्न ।

## ३. सामन्तवादको अन्त्य गर्न

सामन्तवाद लोकतन्त्र विरोधी चिन्तन हो । यसले परिश्रम अर्थात् मिहिनेतकस जनताको श्रमलाई प्रश्रय दिदैन । बरु बहुसंख्यक श्रमजीवी जनताको शोषण गर्ने र लुट्ने परिपाटीलाई प्रोत्साहित गर्दछ । यस लुट् प्रथालाई कायम राख्न भाग्यवाद, पूर्वजन्म, पुर्नजन्म, स्वर्ग, नर्कजस्ता काल्पनिक कुरालाई अघि सार्दै सोही अनुरुपका थुप्रै जनविरोधी रीति, प्रथा, परम्परा, ऐन-नियम, धर्मकर्म, चालचलन, सेना, प्रहरी, नोकरशाहीतन्त्र, जमिनदारी प्रथा आदिको निर्माण गरिन्छ । यसको प्रमुख संरक्षकका रुपमा एउटा महासामन्तले राज गर्छ । यस्तो शासन व्यवस्थामा जनताका सम्पूर्ण अधिकारहरु खोसिन्छन् । त्यो सामन्ती शासनमा सामन्ती तत्व सबै किसिमका नियम कानुन र परम्पराभन्दा माथि हुन्छन् । हाम्रो मुलुकमा २३८ वर्षदेखि यस्तै सामन्तीतन्त्र विद्यमान छ । यसले नेपाली जनताको अज्ञानता, विपन्नता र सोझोपनबाट निरन्तर फाइदा उठाउँदै आएको छ । यसको विरुद्ध नेपाली जनताले धेरैपटक विद्रोह गरिसकेका छन् । तैपनि यसको अन्त हुन सकेको छैन । २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले यसको समूल नष्ट गर्ने जमर्को गरेको थियो तापनि त्यो पूर्ण सफल नभई अधूरो रहन गएको छ । अब यस थोत्रिसकेको सामन्ती राज्य संरचनालाई संविधानसभामार्फत पुनःसंरचना गरी उक्त उद्देश्य पुरा हुनेछ भन्ने आशा नेपाली जनताले गरिरहेका छन् ।

## ४. वर्तमान द्वन्द्वको रुपान्तरण गर्न  र भविष्यमा हुनसक्ने विद्रोहबाट मुलुकलाई जोगाउन

असमानता, अन्याय, अत्याचार, थिचोमिचो, शोषण, दमन र उत्पीडनजस्ता कुरा प्रत्येक द्वन्द्वका प्रमुख कारण मानिन्छन् । जहाँ यी कुराको बाहुल्यता हुन्छ, त्यहाँ सबै किसिमका द्वन्द्व एवं विद्रोहले प्रश्रय पाउाछन् । नेपाली समाज यस स्थितिबाट मुक्त छैन । यसको संरचना लामो समयदेखि विभेदकारी रहँदै आएको छ । यहाा जातिय, क्षेत्रिय, लैङ्गिक, भाषिक, धार्मिक आदि सबै क्षेत्रमा व्यापक भेदभाव एवं पक्षपातपूर्ण स्थिति छ । त्यत्तिकै मात्रामा यहाँ प्रत्येक कमजोर तथा अल्पसंख्यक जाति जनजातिमाथि शोषण र उत्पीडन कायम छ । जसले गर्दा यहाँ अनेक किसिमका द्वन्द्व तथा विद्रोहका स्थितिहरु प्रकट वा अप्रकट रुपमा देखिदै आएका छन् र हामी सबैले भोगिनै रहेका छौं । माओवादी विद्रोह यसको ज्वलन्त प्रमाण हो । यही स्थिति अझै केही समयसम्म लम्बिने हो भने निकट भविष्यमा पृथकतावादी, साम्प्रदायीकतावादी, जातिवादी तथा क्षेत्रीयतावादी द्वन्द्व र विद्रोहहरु नहोलान् भन्न सकिदैन । त्यसैले वर्तमान माओवादी विद्रोहको रुपान्तरण र भविष्यमा हुनसक्ने विद्रोहको स्थितिबाट मुलुकलाई मुक्त गर्न एउटै मात्र विकल्प छ, त्यो हो, विद्यमान पक्षपातपूर्ण राज्यको पुनः संरचना । यस कार्यमा कत्ति पनि ढिलाई हुनुहुँदैन ।

## ५. मुलुकको सन्तुलित विकास गर्न

जनताको सुख र शान्तिपूर्ण जीवनका लागि राज्यको सन्तुलित विकास महत्वपूर्ण शर्त मानिन्छ । असन्तुलित तथा पक्षपातपूर्ण विकास नीति कुनै पनि राज्यको शान्ति समुन्नतिको मार्गमा अवरोध मानिन्छ । यसको ज्वलन्त उदाहरण नेपाल बन्न गएको छ । यसको विकास नीति एकातिर भेदभावपूर्ण त छँदैछ भने अर्कोतर्फ विकासका सम्पूर्ण अधिकारहरु राजधानीमा केन्द्रित छन् । यसबाट सबै किसिमका सुविधा र अवसरहरु एकै थलोमा केन्द्रित गर्दै विकासमा क्षेत्रीय असन्तुलन ल्याउने काम भएको  छ । अर्कोतर्फ जुन-जुन क्षेत्र, गाउँ बस्ती तथा जाती/जनजाति विकासका दृष्टिले उपेक्षित छन्, ती ती क्षेत्र र जातिहरु लामो समयदेखि आन्दोलित छन् र आफ्ना अधिकारको निम्ति लडिरहेका छन् । यस स्थितिबाट देशलाई मुक्त गर्न राष्ट्रिय जीवनका प्रायः सबै क्षेत्र, वर्ग र समूहबाट वर्तमान विभेदकारी एवं पक्षपातपूर्ण राज्यको थोत्रो संरचनालाई पूर्णतया नष्ट गरी त्यसको स्थानमा नवीन तथा युग सुहाउँदो सिङ्गो मुलुकको सन्तुलित विकासका लागि उपयुक्त हुने राज्य संरचना खडा गरिनुपर्ने आवाज जोडतोडले उठिरहेको छ ।

**६. जनतालाई अधिकारसम्पन्न बनाउन**

अधिकार नागरिक जीवनको एक अनिवार्य शर्त हो । यसको अभावमा नागरिक जीवन सुखी र सम्पन्नशाली बन्दैन, बरु त्यसको प्रगति अवरुद्ध हुन पुग्छ । जनताको प्रगति अवरुद्ध हुनु भनेको नै राज्यको प्रगति रोकिनु हो । कुनै पनि राज्य शक्तिशाली हुन, सम्पन्न बन्न र विकासको बाटोमा लम्कन त्यसका जनता अधिकारले सम्पन्न हुनुपर्दछ । अधिकारविहिन जनता कमजोर हुन्छन् । जनता अधिकारविहिन भएको राज्य बलियो हुने कुरै भएन, स्वाभाविक रुपले त्यो पनि कमजोर हुन्छ । यस यथार्थतालाई आत्मसात गर्दा प्रष्ट हुन्छ कि नेपाली जनता संसारकै दीनहीन जनताको अग्र पंक्तिमा पर्नुको पछि अन्य थुप्रै कारणहरु हुनसक्छन् तापनि तिनको नागरिक अधिकारविहिनताको स्थिति पनि एक प्रमुख कारण हो, त्यसमा दुईमत छैन ।

लामो समयदेखि हालसम्म नेपाली धर्तीमा सामन्ती अधिनायकवाद कायम रहन सफल भयो । यसबाट मुक्ति लिने र अधिकार सम्पन्न बन्ने नेपाली जनताको चाहना अझै पूरा भएको छैन । किनभने यसको पक्षपोषण गर्ने राज्यसत्ताको संरचना जिउँदो छ । संविधानसभामार्फत राज्यको पुन:संरचना गरी त्यसलाई ध्वस्त पार्ने जनताले अठोट गरेका छन् । यस कार्यमा सफल भएपछि निश्चित रुपमा नेपाली जनता अधिकारसम्पन्न बन्ने छन् । तत्पश्चात मुलुकको विशिष्टतामा खडाभई सबैलाई राजकीय तथा सार्वजनिक मामलाहरुमा आफ्नो लागि आफैले शासन गर्ने नेपाली विशेषताले युक्त अधिकारसम्पन्न लोकतान्त्रिक शासन प्रणालीको विकास सम्भव हुनेछ । यस दृष्टिले पनि राज्यको पुनः संरचना गर्नैपर्ने भएको छ ।

**७. धर्मनिरपेक्ष राज्यको निर्माण गर्न**

निरपेक्ष शब्द स्वयम तटस्थ शब्द हो । यसको शाब्दिक अर्थ कसैको पक्ष नलिनु भन्ने हुन्छ । यस आधारमा “धर्मनिरपेक्ष राज्य” त्यस्तो राज्यलाई भनिन्छ जो धर्मको मामिलामा कसैको पक्षमा नलागी तटस्थ रहेको हुन्छ । अर्थात् जुन राज्यले आफूलाई धर्मबाट अलग्ग राखी सबै धर्मलाई समान मान्यता, समान संरक्षण, समान आदर र सम्मान दिंदै आएको हुन्छ, त्यसलाई धर्मनिरपेक्ष राज्य भनिन्छ । यसबाट प्रष्ट हुन्छ कि धर्म निरपेक्षता भनेको कुनै धर्म नमान्ने छाडावादको माग नभएर राज्यसँग जनताको धार्मिक तटस्थताको माँग हो ।

नेपालमा धर्मनिरपेक्ष राज्यको माग जोडतोडका साथ उठ्दै आएको छ । किनभने यहाँ लामो समयदेखि कायम हुँदै आएको सामन्ती राज्यसंरचनाले हिन्दू धर्मलाई राजधर्मको मान्यता दिंदै अन्य सबै धर्मलाई उपेक्षा गर्ने काम गरेको छ । राज्य सबै धर्म र जाति जनजातिको साझा थलो भए पनि व्यवहारमा यहाा कसैलाई काखा र कसैलाई पाखा पार्ने गलत एवं पक्षपातपूर्ण नीति अवलम्बन हुँदै आएको छ । हिन्दू धर्मलाई बढावा दिने नाममा पारिवारिक निरंकुशतालाई प्रश्रय दिने काम भएको छ । त्यसकारण नेपाल हिन्दू धर्मसापेक्ष होइन धर्मनिरपेक्ष राज्य घोषणा गर्नुपरेको हो । वास्तवमा पुन:संरचित लोकतान्त्रिक राज्य व्यवस्था अन्तर्गत नै सबै जाति र समुदायका मानिसलाई आ-आफ्नो धर्मको समान किसिमले संरक्षण, संवर्द्धन र विकास गर्ने अवसर प्राप्त हुनेछ र कुनै धर्म ठूलो कुनै सानो र कुनै राजधर्म हुने र कुनै नहुने गलत एवं विभेदकारी परिपाटीको अन्त्य हुनेछ । यस स्थितिको पक्षपोषण गर्ने राज्य संरचना नै यथार्थमा धर्मनिरपेक्ष राज्य बन्दछ ।

**८. सबै भाषा र संस्कृतिको विकास गर्न**

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । तर यहाँको विद्यमान राज्यसत्ताले यस वास्तविकताको वेवास्ता गर्दै हिन्दू धर्मलाई “राज्यधर्म” र खस भाषालाई “राज्यभाषा” घोषित गर्ने गलत काम गरेको छ र एक जाति, एक भाषा, एक धर्म र संस्कृतिको बिभेदकारी नीति अवलम्वन गर्दै आएको छ । यसले यहाँका गैरहिन्दू आदिवासी जनजातिको धर्म, भाषा, संस्कृति एवं जातीय अस्तित्व नै लोप हुने खतरा बढेको छ । यस स्थितिबाट ती सबै मूल्यवान, भाषा, संस्कृति र धर्मलाई जोगाउन राज्यको पुनः संरचना अपरिहार्य भएको छ ।

नेपाली जनताले लडेको लडाई कुर्सीमा मान्छे फेर्नको लागि मात्र होइन, आमूल परिवर्तनको लागि हो । यस अन्तर्गत विभिन्न भाषा, धर्म, संस्कृति तथा जाति र लिङ्गमाथि हुँदै आएको आजसम्मको भेदभाव, थिचोमिचो र अलोकतान्त्रिक व्यवहारको अन्त्य गर्ने कुरा पनि पर्दछ । यथार्थमा सबै भाषा, धर्म, संस्कृति नेपालकै सम्पत्ति हुन् । त्यसैले अबको राज्य पुनः संरचनामा प्रत्येक भाषा, धर्म, संस्कृतिको संरक्षण र विकासको निश्चित दायित्व राज्यले लिनुपर्दछ र एक भाषा, एक धर्म र एक संस्कृतिको स्थानमा सबै भाषा, सबै धर्म, सबै संस्कृतिको समान रुपमा उत्थान र विकास गर्ने नीति अवलम्बन गरिनुपर्दछ । तबमात्र पछाडि परेका र उपेक्षित सबै भाषा, धर्म, संस्कृति तथा जनजातिले फस्टाउने अवसर प्राप्त गर्नेछ ।

## ९. समावेशी चरित्रको राज्य संरचना खडा गर्न

मुलुकको वर्तमान राज्यसंरचना गैरसमावेशी चरित्रको छ । यसबाट मुलुकमा बहुसंख्यक जाति जनजाति, आदिवासी, मधेसी, महिला तथा दुर्गमक्षेत्रवासी जनताहरु लामो समयदेखि उपेक्षित, अवहेलित, तथा टाढा पारिंदै आएका छन् । यिनीहरुले शासन प्रशासनमा सहभागी भएर आफ्नो भाग्य आफै निर्माण गर्ने अवसर पाएका छैनन् । २०४६ सालको जनआन्दोलनबाट स्थापित लोकतान्त्रिक सरकारहरुले समेत जनतामाथि जबर्जस्ती थोपरिएको यस कहालिलाग्दो स्थितिमा खासै ठूलो परिवर्तन ल्याउन सकेनन् । त्यस्तो ल्याउनसक्ने स्थिति पनि थिएन । किनभने राज्यको संरचना पूर्णतया उही पुरानो सामन्ती चरित्रको थियो । पार्टीका तत्कालीन सरकारहरुको शिरमाथि सामन्तवाद मनखुसी नाचिरहेको थियो ।

२०६२/०६३ मा नेपाली जनताले सामन्तवादको विरुद्ध अर्को जनआन्दोलन गर्न बाध्य हुनुपर्‍यो । १९ दिनको उक्त ऐतिहासिक जनआन्दोलनबाट सामन्तवाद केही हदसम्म कमजोर देखिए तापनि त्यसको समूल नष्ट गर्ने नेपाली जनताको धोको अझै बाँकी रहन गएको छ । अब संविधानसभा मार्फत राज्यको पुनःसंरचना गर्ने र त्यसैको माध्यमबाट यसलाई अन्तिम विदाई गर्ने बाचा जनताले खाएका छन् ।

यदि यसले पूर्णता पाउन सफल भएमा निश्चित छ, सदीयौंदेखि तिरस्कृत हुदै आएका सम्पूर्ण नेपाली जनताले राज्य संचालनमा हुदै आएको विभेदपूर्ण नीतिबाट सदासदाका लागि मुक्ति पाउने छन् र सबै जाति, सबै वर्ग, सबै धर्म, सबै संस्कृति र सबै लिङ्गका नागरिकले यो मुलकुको शासन प्रशासनमा स्वतन्त्रतापूर्वक समावेश हुने परिस्थिति सिर्जना हुनेछ । तत्पश्चात् सबैले आ-आफ्नो भाषा, संस्कृति र पछाडि पारिएका क्षेत्रको विकास गर्न पाउनेछन् । यस दृष्टिले पनि राज्यको पुनः संरचना कार्य अत्यन्त महत्वपूर्ण बन्न गएको छ ।

## १०. मुलुकलाई सबै किसिमका विकृतिबाट मुक्त गर्न

आजसम्म हाम्रो मुलुकमा एकात्मक तथा केन्द्रीकृत राज्य व्यवस्था कायम छ । यसैको आडमा मुलुकमा अनेक किसिमका विकृति र विसंगतिहरु थुप्रिदै आएका छन् । राज्यको सम्पूर्ण शक्ति राजधानीमा केन्द्रित छ । सानोभन्दा काम कुराको निम्ति देशको अति दुर्गम ठाउँ बस्तीबाट जनताले राजधानीमा धाउनुपर्ने बाध्यता छ । देशको शासन प्रशासनमा स्वेच्छाचारिता, व्यापक लूट, भ्रष्टाचार, अनियमितता र अपारदर्शिता छाएको छ । राजनीतिक दलहरुका क्रियाकलाप पनि जन अपेक्षा अनुसारका छैनन् । जनप्रतिनिधिहरु जनताले भोट दिएर चुनिने र त्यसपछि जे गरे पनि हुने परिपाटी बसेको छ । राष्ट्रको भन्दा पार्टीको हितलाई प्राथमिकता दिने चलन आम बनेको छ । चुनावको बेला अघि सारिएका पार्टीका नीति र कार्यक्रमहरु केवल देखावटी हुने, तिनको पालनासँग कुनै वास्ता नहुने, नीति र कार्यक्रमलाई भन्दा व्यक्तिलाई प्रश्रय दिने काम सामान्य बनेको छ । यसबाट देश र जनतालाई निराश बनाउने र मोहभंग पार्ने काम मात्र भएको छ । देशको सामाजिक क्षेत्र यो भन्दा झन् भयाभह देखिन्छ । जातिपाति-छुतअछुत, धनी -गरिब, शिक्षित- अशिक्षित, ठूलो-सानोको भेदभाव चरमचुलीमा पुगेको छ । मुलुकको भौतिक विकासमा पनि व्यापक असमानता छ । कतिपय जिल्ला र अञ्चलमा अझैसम्म मोटर बाटो बन्न नसकेको स्थिति छ । देशको अत्यन्त ठूलो जनसमूह अशिक्षित मात्र होइन गरिबीको रेखामुनि बाँच्न बाध्य छ । जतासुकै शोषण, दमन, उत्पीडनले छाएको छ । परिणामस्वरुप विगत १२ वर्षदेखि सिङ्गो देश सशस्त्र द्वन्द्वको चक्रव्यूहमा फस्न बाध्य भएको छ । अब मुलुकलाई यी यावत विकृति, विसंगति तथा अप्ठ्यारा स्थितिहरुबाट मुक्ति दिलाउन एउटा मात्र विकल्प देखिन्छ, त्यो हो राज्यको पुनः संरचना । यस कार्यमा ढिलाइ गरिनु देश र जनताको हितमा छैन ।

## ११. न्याय र समानतामा आधारित राज्यको संरचना खडा गर्न

मुलुकको वर्तमान राज्य संरचना अलोकतान्त्रिक मात्र नभई अन्यायी र अत्याचारी पनि छ । यसको जग विभिन्न किसिमका असमानता, विभेद र थिचोमिचो माथि खडा भएको छ । यसलाई समाप्तपारी न्याय र समानतामा आधारित राज्य संरचनाको निर्माण गर्न नेपाली जनताले पटक पटक रगत बगाउनु परेको इतिहास छ । तैपनि सफलता हात लागेको छैन । यसको विरुद्ध भएको पछिल्लो जनआन्दोलन (२०६२/०६३) संसारकै इतिहासमा एक युगान्तकारी घटनाको रुपमा दर्ज भए पनि यहाको २३८ वर्ष पुरानो सामन्ती निरकुंशतन्त्रलाई संरक्षण गर्दै आएको जनविरोधी राज्य संरचना ध्वस्त पार्न बाँकी नै रह्यो । त्यसको अन्त्यको लागि अझै अर्को आन्दोलन लड्नुपर्ने स्थिति खडा भएको छ । आशा गरौं अबको अन्तिम आन्दोलन संविधानसभाको मार्फत लडिने छ र विभेदकारी जनविरोधी पुरानो राज्य संरचनाको स्थानमा न्याय र समानतामा आधारित युग सुहाउँदो नवीन लोकतान्त्रिक राज्य संरचनाको निर्माण हुनेछ । यसमा शंका छैन ।

## १२. राज्यका सबै अंगमा समानुपातिक प्रतिनिधित्वको परिपाटी बसाल्न

संसदीय व्यवस्था अन्तर्गतको बहुमतीय प्रणाली गैरसमावेशी चरित्रको प्रणाली हो । यो प्रणाली बहुजातीय र बहुसांस्कृतिक मुलुकको लागि उपयुक्त मानिदैन । नेपालमा पनि यो प्रणाली २०१५ साल देखि २०१७ साल र विगत १२/१३ वर्षसम्म लागु रह्यो । तर यसले यहाँ सफलता प्राप्त गर्न सकेन । यस अवधिमा भएका ग्रामीण तहदेखि

केन्द्रीय स्तरसम्मका प्रत्येक निर्वाचनहरुमा केही सीमित जातिको वर्चस्व कायम भएको देखियो भने अधिकांश अल्पसंख्यक जाति, वर्ग र समूहहरुलाई शासन कार्यमा सहभागी बन्ने अवसरबाट वञ्चित तुल्याइयो । एउटै मुलुकमा निवास गर्ने कुनै जातिका मानिस शासन-प्रशासनका प्रायः सबै तहमा हालीमुहाली गर्ने र कुनै जातिका मानिसले उपेक्षित हुनुपर्ने र तिनको थिचोमिचो सहनुपर्ने स्थिति कदापि न्यायोचित हुन सक्दैन । यसबाट मुलुकमा एकता, सहयोग, सद्भाव र बन्धुत्वपूर्ण स्थिति पनि बन्न सक्दैन । हाम्रो जस्तो बहुसांस्कृतिक मुलुकका लागि सामान्य बहुमतीय प्रणाली न्यायोचित छैन । यसको स्थानमा सबै जाति, वर्ग, समूहको आ-आफ्नो हैसियतअनुसार राज्य संचालनमा सबैलाई समावेश गर्ने र राज्यका प्रत्येक अंगमा सबैजाति, भाषा, धर्म, क्षेत्र, लिङ्ग र समुदायका मानिसको प्रतिनिधित्व गराउने समानुपातिक प्रतिनिधित्वको प्रणाली अवलम्बन गरिनुपर्दछ । यो नै यथार्थमा सर्वाधिक लोकप्रिय लोकतान्त्रिक विधि हो । यसलाई राज्यका प्रायः सबै अंगमा व्यावहारिक रुप दिने काम केवल राज्यको पुनःसंरचना कार्यबाट मात्र संभव छ । वास्तवमा राज्यको पुनर्संरचनाले निर्णय निर्माणका अनेकौं केन्द्रहरु खडा गर्छ र प्रतिनिधित्वको ढोका खोल्छ । त्यसैले राज्यको पुनः संरचना गर्ने कार्य यस दृष्टिले पनि अत्यन्त महत्वपूर्ण भएको छ ।

**ग) के राजनीतिक दलहरुमा पनि पुनः संरचना गर्नु जरुरी छ ?**

मुलुकमा स्थापित लोकतन्त्रलाई स्थायित्व दिन राजनीतिक दलहरुमा पनि राज्य संगसंगै पुनः संरचनाको कार्य थालिनुपर्दछ । किनभने लोकतन्त्र यस युगको सर्वाधिक चर्चित र जनताको मनपर्ने तन्त्र बनेको छ । लोकतन्त्र र राजनीतिक दलहरुका बीच घनिष्ट सम्बन्ध हुन्छ । अर्थात् माछा र पानीको जस्तै सम्बन्ध हुन्छ । यथार्थमा राजनीतिक दलहरु नै लोकतन्त्रका वाहक मानिन्छन् । त्यसैकारण लोकतान्त्रिक शासनलाई अर्को शब्दमा दलीय शासन भन्ने गरिएको हो । लोकतन्त्रलाई जनताको जीवनसँग गाास्ने, जनतालाई राजनीतिक रुपले सचेत गराउने, सबै किसिमका विकृति र विसंगतिका विरुद्ध लड्न सिकाउने आदि जस्ता महत्वपूर्ण कार्यहरु राजनीतिक दलहरुबाटै हुने गर्दछ । तर यी कार्यहरु गैरलोकतान्त्रिक दलहरुबाट संभव हुँदैन । यसको निम्ति लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित राजनीतिक दलहरु नै चाहिन्छ । अर्थात राजनीतिक दलहरुको लोकतान्त्रिक आचरण र व्यवस्थापन कार्यले मुलुकको सिङ्गो लोकतान्त्रिक व्यवस्थामा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ ।

नेपाली जनताले लोकतन्त्र स्थापनाका लागि धेरै ठूला ऐतिहासिक लडाईहरु लड्दै आएका छन् । तैपनि जनताले चाहेको लोकतन्त्र अझै सुनिश्चित हुन सकेको छैन । यसो हुनुका अन्य थुप्रै कारणहरु हुनसक्दछन् । तर विद्यमान राजनीतिक दलहरुमा देखिएका सामन्ती, अलोकतान्त्रिक र नोकरशाही परिपाटी तथा आचरणहरु पनि ती मध्ये एक प्रमुख कारण मानिन्छन् । राजनीतिक दलका नेताहरुको आचरणमा सामन्तवादी चरित्रले महत्वपूर्ण प्रभाव पारेको छ । मुलुकमा देखिएको कुनै पनि राजनीतिक दलमा लोकतान्त्रिक मूल्यको आधारमा क्षेत्र, जाति, वर्ग, लिङ्ग, समूह आदिको प्रतिनिधित्व गराउने संयन्त्रको विकास भएको देखिदैन । अझ तिनमा निर्णय परिपाटीमा समावेशिता र लोकतान्त्रिक मूल्यको सर्वथा अभाव छ । पार्टीभित्रै अलोकतान्त्रिक तरिकाले गुटबन्दी र टीकाप्रथाले प्रश्रय पाएको देखिन्छ । कार्यकर्ताको उचित मुल्याकंन गरी उपयुक्त जिम्मेवारी दिने चलन अझै शुरु भएको छैन । काम र क्षमताको आधारमा भन्दा पनि नेताहरुको नजिक भएको आधारमा पार्टी र देशका महत्वपूर्ण जिम्मेवारीहरु सजिलै प्राप्त गर्न सक्ने अवस्था कायम छ । यस स्थितिको अन्त्य नगरी मुलुकमा स्थापित लोकतन्त्र चीरस्थायी बन्न सक्दैन । त्यसैले मुलुकका राजनीतिक दलहरुमा आन्तरिक लोकतन्त्र अपरिहार्य भएको छ । यस कामकालागि सबै राजनीतिक दलमा लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा पुनः संरचनाका काम थाल्न ढिलो गर्नुहुँदैन । यसबाट नै राजनीतिक दलहरुभित्र मौलाएको अलोकतान्त्रिक, सामन्ती र नोकरशाही परिपाटीको अन्त्य हुनेछ र मुलुकमा पुनः स्थापित लोकतन्त्र जीवन्त बन्नेछ ।

# निर्वाचन पद्धति

## १. यसको महत्व र किसिम

निर्वाचन पद्धति लोकतन्त्रको प्राण हो । प्रतिनिधिमूलक लोकतन्त्रमा नागरिकले आवधिक निर्वाचनमा मताधिकारद्वारा नै आफ्नो सम्प्रभुताको प्रयोग गर्छन् । त्यसैले हरेक मुलुकले आफ्नो राजनीतिक पद्धति, परम्परा, आवश्यकता र जनचाहनालाई ध्यानमा राखी लोकप्रिय मतको अधिकतम् सदुपयोग हुने गरी निर्वाचन पद्धतिको अवलम्वन गर्छ ।

तर कुनै मुलुकमा शासन सत्ता सम्हाल्नका लागि हुने आम निर्वाचनमा र संविधान सभाको निर्वाचनमा तात्विक रुपमा अन्तर हुन्छ । आम निर्वाचन भनेको निश्चित अन्तरालमा नियमित रुपमा सम्पन्न हुने राजनीतिक अभ्याश हो जसका माध्यमवाट मुलुकको जनप्रतिनिधिमूलक संस्था र शासकको निर्वाचन हुन्छ । यसमा कथं

कदाचित भावावेशमा आएर, प्रलोभनमा परेर, आकर्षक नारामा फसेर वा अनर्गल प्रचारमा अल्मलिएर जनताले गलत फैसला गरे भने पनि त्यसलाई अर्को निर्वाचनद्वारा सच्याउन सकिन्छ । तर संविधान सभाको निर्वाचन भनेको शासक छान्ने निर्वाचन होइन । यो त मुलुकको संविधान बनाउने, शासन व्यवस्था छान्ने र जन अधिकारको प्रत्याभूति गर्ने प्रयोजनका लागि हुने निर्वाचन हो । यो कुनै पनि राष्ट्रको जीवनमा विरलै आउने ऐतिहासिक अवसर हो । यदि यसमा सही फैसला गर्न जनता चुके भने त्यसको प्रभाव उनीहरुको जीवनलाई मात्र होइन, भावी पुस्तालाई पनि पर्छ ।

संसारमा निर्वाचनका अनेकौ पद्धति प्रचलित छन् । ती मध्ये केही हुन्:

- ***सामान्य वहुमतिय पद्धतिः*** यसलाई पहिलो हुने निर्वाचित हुने (पहुनिहु) पद्धति पनि भन्दछन् । यो पद्धतिमा कुनै निर्वाचन क्षेत्रमा उठेका मध्ये वढी मत ल्याउनेले चुनाव जित्छ, उसले कुल वैध मतको बहुमत ल्याइरहनु पर्दैन ।
- ***पूर्ण वहुमतीय पद्धतिः*** यो पद्धतिमा कुनै उम्मेदवारले निर्वाचन जित्न खसेको कुल वैध मतको बहुमत ल्याउनै पर्छ । आएन भने सवै भन्दा वढी मत ल्याउने दुई उम्मेदवारका माफ्न पुनः निर्वाचन हुन्छ । आमने सामनेको टक्कर भए पछि कुनै एक उम्मेदवारले पूर्ण वहुमत ल्याउँछ र जित हारको फैसला हुन्छ । प्रायः संसदीय भन्दा पनि राष्ट्रपतिय निर्वाचनमा यो पद्धतिको प्रयोग गरिन्छ ।
- ***समानुपातिक पद्धति*** : यो पद्धति सामान्य बहुमतिय पद्धतिका दोष निराकरणका लागि विकसित गरिएको हो । यसले उत्पादित बहुमतको स्थानमा समानुपातिकतालाई अवलम्वन गर्छ । दलहरुले जति प्रतिशत् लोकप्रिय मत पाउँछन् त्यति नै प्रतिनिधित्वको अवसर पाउँछन् । यस पद्धतिमा जित्नेले सबै लाने अवस्था हुदैन । वास्तवमा यस पद्धतिमा जित हार प्रतिशत्मा मात्रै हुन्छ । (यस भित्र पनि एकल संक्रमणीय मत पद्धति र सूची पद्धति पर्छन् । प्रायः राष्ट्रिय निर्वाचनमा एकल सक्रमणीय भन्दा पनि सूची प्रणालीको प्रयोग गर्छन्)
- ***मिश्रित पद्धतिः*** यो भनेको पहिलो हुने निर्वाचित हुने पद्धति र समानुपातिक पद्धतिको मिश्रण हो । पहुनिहुले मतदातालाई अविभावक दिन्छ भने समानुपातिक पद्धतिले जनसमर्थनको समकक्षमा प्रतिनिधित्वको अबसर दिन्छ । त्यसैले आजकाल यी दुवै पद्धतिलाई मिसाउने प्रचलन पनि छ ।

यी विभिन्न पद्धतिका आ-आफ्ना किसिमका सबल र दुर्वल पक्ष छन् । वास्तवमा कुन मुलुकका लागि कस्तो निर्वाचन पद्धति ठीक हुन्छ भन्ने कुनै सर्वमान्य वा सर्व स्वीकार्य मत छैन । यसको मतलव के हो भने सवैलाई ठीक हुने (fit all size) निर्वाचनको कुनै पद्धति हुँदैन । हरेक मुलुकले आ-आफ्नो आवश्यकता अनुसारको निर्वाचन पद्धति अपनाउँछन् ।

**नेपाली अनुभव**

नेपालले समय समयमा लोकतन्त्रको अभ्याश गर्दा जुन निर्वाचन पद्धति अपनायो त्यसलाई पहिलो हुने निर्वाचित हुने पद्धति (first past the post system FPTP वा पहुनिहु) भन्दछन् । यो सामान्य बहुमतीय प्रणाली कै एक रुप हो । यस पद्धतिमा कुनै निर्वाचन क्षेत्रमा खडा भएका उम्मेदवारहरु मध्ये जुन उम्मेदवारले अरु भन्दा धेरै मत पाउँछ त्यसैले जित्छ । यो पद्धतिको विशेषता के हो भने यो बुझ्न अति सरल हुन्छ र यसले सजिलै निर्णय दिन्छ । तर यसको सवैभन्दा ठूलो कमजोरी के हो भने यसले जनमतको सही प्रतिविम्व दिंदैन । यसले पार्टीहरुलाई बहुमत प्राप्त गर्न सजिलो भए पनि त्यो वास्तविक नभै उत्पादित बहुमत हुन्छ । यस पद्धतिमा पार्टीहरुले जित्ने स्थान र तिनले प्राप्त गर्ने लोकप्रिय मतका माफ्न ठूलो खाइ  हुन्छ । धेरै पटक बहुमत जनताको विरोध हुँदा हुँदै पनि कुनै पार्टी निर्वाचनमा विजयी भइ सत्तारुढ हुन्छ । त्यसैले हिजो आज थुप्रै मुलुकमा यसको विकल्पमा समानुपातिक निर्वाचन पद्धति अपनाएको पाइन्छ वा यी दुवै पद्धतिलाई मिसाएर प्रयोग गरेको पाइन्छ ।

**संविधान सभाको  निर्वाचनमा अपनाइने निर्वाचन पद्धति**

संविधान सभाको निर्वाचनको उद्देश्य नै फरक भएको र विगतमा अपनाइको पहिलो हुने निर्वाचित हुने ( पहुनिहु) पद्धतिका कमीहरुलाई बुझेको हुँदा हामी कहाँ पहिलो हुने निर्वाचित हुने (पहुनिहु) र समानुपातिक पद्धतिलाई मिसाइने सहमति भएको छ । यसै अर्थमा यसलाई मिश्रित पद्धति भनिएको हो ।

अन्तरिम संविधानको पहिलो संशोधनले पहुनिहु अन्तर्गत सिट संख्या निर्धारण गर्ने जिम्मा निर्वाचन क्षेत्र पुनर्निर्धारण आयोग लाई लगाइएको छ । यसो गर्दा २०५६ सालको आम निर्वाचनमा जुन जिल्लाले जति प्रतिनिधित्वको अवसर पाएको थियो त्यसमा नघटाइ बृद्धि भएको जनसंख्याको अनुपातमा मधेशलगायत सवै क्षेत्रमा सिट संख्या बढाइने सहमति भएकोछ । यो विगतमा प्रतिनिधिसभाको निर्वाचनमा अपनाइएकै विधि हो । यसमा उम्मेदवारहरु मध्ये सवैभन्दा वढी मत ल्याउनेले चुनाव जित्छ । संविधान सभा सदस्य निर्वाचन ऐन,२०६४ मा गरिएको अहिले सम्मको व्यवस्था अनुसार यसका लागि कूल २४० सीट छुट्याइएको छ ।

समानुपातिक निर्वाचनका लागि पहुनिहु अनुसार तोकिएको सीट संख्या जत्ति नै अर्थात २४० सीट तोकिएको छ । यसका लागि सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र बनाइएकोछ । निर्वाचनमा राजनीतिक दलहरुले उम्मेदवारको सूची प्रकाशित गर्छन् । मतदाताले त्यही सूची हेरेर आफूले मन पराएको राजनीतिक दललाई एक मत दिन्छ । मत गणना गर्दा जुन राजनीतिक दलले जति प्रतिशत् लोकप्रिय मत पाउाछ त्यसले कूल सिटको त्यति नै प्रतिशत् सिट जित्छ । यो पद्धतिलाई समानुपातिक अन्तर्गतको सूची प्रणाली भन्दछन् । संविधानधानको धारा ६३ को उपधारा ४ ले दलहरुले सूचीमा उम्मेदवार समावेश गर्दा महिला, दलित, उत्पीडित जाति आदिवासी जनजाति, पिछडिएका क्षेत्र, मधेशी, लगायत अन्य वर्ग समेतको कानुनमा व्यवस्था भए बमोजिम प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था गरेको छ ।

**उम्मेदवारको बन्दसूचिको लागि उम्मेदवारको प्रतिशत**

| क.स. | प्रतिनिधित्व हुने समूह | | उम्मेदवारको प्रतिशत |
|---|---|---|---|
| | महिला | | ५०% |
| १. | मधेशी | महिला | १५.६% |
| | | पुरुष | १५.६% |
| २. | दलित | महिला | ६.५% |
| | | पुरुष | ६.५% |
| ३. | उत्पीडित जाति/आदिवासी जनजाति | महिला | १८.९% |
| | | पुरुष | १८.९% |
| ४. | पिछडिएको क्षेत्र✤ | महिला | २% |
| | | पुरुष | २% |
| ५. | अन्य● | महिला | १५.१% |
| | | पुरुष | १५.१% |

स्पष्टीकरण: कतिपय उम्मेदवारले एकभन्दा बढी समूहको प्रतिनिधित्व गर्ने भएको हुँदा सबै समूहको उम्मेदवार प्रतिशतको जोड सयभन्दा बढी प्रतिशत देखिन आएको छ ।

..............................................................................................................................

द्रष्टव्य:

✤ "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई जनाउँछ ।

● अन्य भन्नाले यस अनुसूचिमा स्पष्ट उल्लेख नभएका समूहहरुलाई जनाउँछ ।

संविधान सभाको निर्वाचनमा प्रत्येक वालिग नेपाली नागरिकले दुइवटा मत दिन पाउने छ । यौटा पहुनिहु अन्तर्गत आफ्नो निर्वाचन क्षेत्रमा उठेको उम्मेदवार मध्ये आफूले रुचाएकोलाई र अर्को समानुपातिक निर्वाचन पद्धति अनुसार आफूले मन पराएको राजनीतिक दललाई । यसका लागि दुई अलग अलग रंगका दुइवटा मत पत्र र मत खसाउने दुइ अलग बाकसको व्यवस्था गर्ने निधो भएको छ । हुन त ऐतिहासिक जनआन्दोलन २०६३ मा सोह्र वर्ष उमेर पुगेका नेपाली युवाहरुको निर्णायक भूमिका थियो र नेपालको प्रचलित कानुनले सोह्र वर्ष उमेर पुगेकालाई नागरिकताको प्रमाणपत्र दिने पनि व्यवस्था गरेको छ । त्यसैले संविधान सभाको निर्वाचनमा सोह्र वर्ष उमेर पुगेका युवाहरुलाई समेत मताधिकार दिनुपर्छ भन्ने माँग नउठेको होइन । तर पनि यो संविधानले अठार वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र संविधानसभाको निर्वाचनमा मत दिने अधिकार दिएको छ ।

## निर्वाचनले छिनोफानो गर्ने सवालहरु

यो निर्वाचन सरकार बनाउने उद्देश्यले आवधिक रुपमा हुने संसदीय निर्वाचन जस्तो होइन । यसवाट सरकार कुन पार्टीले बनाउँछ भन्ने कुराको छिनोफानो हुँदैन । यो त्यो भन्दा कता हो कता ठूलो विषयको टुङ्गो लगाउने निर्वाचन हो । यसवाट मुलुकको शासन व्यवस्था कस्तो बनाउने भन्ने विषयको निर्धारण हुन्छ । यो मुलुक

गणतान्त्रिक बन्ने कि पहिले जस्तै राजतन्त्रात्मक रहिरहने हो भन्ने अहं सवाल यसै निर्वाचनले फैसला गर्ने छ किनकि संविधानको धारा १५९ को उपधारा ३ मा गरिएको व्यवस्था अनुसार संविधान सभामा चुनिएको प्रतिनिधिहरुको पहिलो वैठकले नै यो मुलुकमा राजतन्त्रको भविष्य निर्धारण गर्नेछ । त्यस्तै यो मुलुकमा कस्तो संघात्मक शासन अपनाउने, समावेशी लोकतन्त्रको स्वरुप कस्तो हुनेछ, नेपालीहरुले के कस्ता अधिकार पाउने छन् भन्ने जस्ता महत्वपूर्ण प्रश्नहरुको टुङ्गो पनि यसैले लाउनेछ । यो कुनै पनि राष्ट्रको जीवनमा विरलै आउने क्षण हो । नेपालमा न आज भन्दा अघिको पुस्ताले यो अधिकार प्रयोग गर्न पायो न त भोलिको पुस्ताले पाउने छ । यो निर्वाचनमा भाग लिन स्वर्णीम अवसर  आजको पुस्ताले पाएको छ । अतः यसलाई सदुपयोग गर्नु सवै बालिग नेपालीक महत्वपूर्ण राजनीतिक कर्त्तब्य हो  ।

## निर्वाचन-पर्यवेक्षण

स्वतन्त्र र निष्पक्ष निर्वाचन समावेशी लोकतन्त्रको मेरुदण्ड हो । स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट मात्रै नागरिकले आफ्नो सही प्रतिनिधि छनोट गर्न सक्छन् । जनआन्दोलन २०६२/६३ को परिणामस्वरुप २००७ साल देखि थाति लागि रहेको संविधानसभाको निर्वाचन हुन गईरहेको छ । संविधानसभाको निर्वाचनमा सकृय सहभागी बन्नु र स्वतन्त्र तथा निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्नु लोकतन्त्रमा विश्वास गर्ने आम नागरिकको दायित्व हो । तर निर्वाचनको वैधता र महत्व त्यो स्वतन्त्र, निष्पक्ष र धाँधली रहित ढंगले भयो भएन भन्ने कुरामा भर पर्छ । हाम्रो जस्तो विकाशशील मुलुकमा निर्वाचनको परिणामलाई आफ्नो पक्षमा पार्न अनेकौं नाजायज हतकण्डाहरु पनि प्रयोग हुने गर्छन् । यो विषय राज्यहरु भित्र आन्तरिक द्वन्दको यति ठूलो कारण बनिसकेको छ कि आज निर्वाचन पर्यवेक्षण संयुक्त राष्ट्रको समेत एक नियमित कार्य क्षेत्र भएको छ । त्यसैले जन अधिकारको सुरक्षा, जनताको मताधिकारको संरक्षण र लोकतन्त्रको प्रकृया निर्वाध रुपमा चलि राखोस् भन्नाखातिर निर्वाचनको पर्यवेक्षण आज मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरुको प्रमुख दायित्व बन्न गएको  छ ।

नेपालमा निर्वाचन पर्यवेक्षणको त्यति लामो इतिहास त छैन तर पनि निरंकुश पंचायती व्यवस्थाको अन्त्यतिर भएको राष्ट्रिय पंचायत निर्वाचनको मानव अधिकारकर्मीहरुले पर्यवेक्षण गरेको पाइन्छ । २०४६ सालको जनआन्दोलनबाट बहुदलिय व्यवस्थाको स्थापना पछि भएको २०४८ को संसदीय निर्वाचनको पर्यवेक्षण मानव अधिकार संरक्षण मंचको पहलमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (National Election Observation Committee – NEOC) को निर्माण गरियो र त्यसैले त्यो निर्वाचनको पर्यवेक्षण गर्‍यो । यो परम्परा हाल सम्म कायम छ । तर माघ १९ पछि गठित राजाको सरकारले गराएको नगर निर्वाचनको भने कुनै स्वदेशी विदेशी मानव अधिकारकर्मीले पनि पर्यवेक्षण गर्न मानेनन् ।

तर अहिले फेरि निर्वाचन पर्यवेक्षणको आवश्यता परेको छ । तर यो निर्वाचन पर्यवेक्षण भनेको मुलुकको सामान्य र नियमित निर्वाचनको पर्यवेक्षण होइन । यो त भर्खरै सम्पन्न ऐतिहासिक जन आन्दोलन पछि संविधान सभाको निर्वाचनद्वारा मुलुकमा जनसंम्प्रभुताको प्रत्याभूति र नयाँ राजनीतिक परिपाटी स्थापनाका लागि हुन गइरहेको महान राजनीतिक परिक्षणको पर्यवेक्षण गर्ने कार्य हो । नेपाल सरकार र नेकपा (माओवादी) माझ सम्पन्न विस्तृत शान्ति सम्झौता र सात दल तथा नेकपा (माओवादी) माझ भएका समय समयका समझदारी तथा सहमतिका कारण आज नेपाल द्वन्द रुपान्तरणको यो ऐतिहासिक मोडमा उभिएको छ । फेरि मधेशमा उठेको आन्दोलन र आदिवासी जनजाति एवं दलितहरुको माँगले राज्यलाई नितान्त नयाँ परिवेशमा उभ्याएको छ । अतःसंविधान सभाको यो  निर्वाचनमा भाग लिनु र निर्वाचनको पर्यवेक्षण गर्नु मानव अधिकारकर्मीको  आधारभूत दायित्व हो ।

### पर्यवेक्षण कार्य

निर्वाचन पर्यवेक्षणको कामलाई निम्नलिखित दुई भागमा विभाजन गरी पर्यवेक्षण कार्य संचालन गर्न सकिन्छः

१. मतदान पूर्वका गतिविधिहरुको अध्ययन ।
२. मतदान प्रकृयाको पर्यवेक्षण ।

### १. मतदान पूर्वका गतिविधिहरुको अध्ययन

मतदान पूर्वका गतिविधिहरुको अध्ययन अन्तर्गत निम्न कुराहरुको अध्ययन गरिन्छ ।

क) प्रचार-प्रसार,
ख) सरकारी पद तथा साधनहरुको प्रयोग,
ग) धनको तथा हिंसाको प्रयोग,
घ) मतदान केन्द्रहरु

### (क) निर्वाचन संबन्धी प्रचार प्रसार

निर्वाचनमा भागलिन राजनीतिक दल, तिनका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरुले मतदाता समक्ष आफ्नो विचार तथा मन्तव्य स्वतन्त्र तथा निर्वाध रुपले राख्न पाउनु पर्दछ र मतदाताहरुले पनि तिनका विचार तथा मन्तव्य बुझी मतदानद्वारा आफ्नो उम्मेदवारको चयन गर्न पाउनु पर्दछ । यो कुनै पनि प्रतिनिधिमूलक लोकतन्त्रको प्राण हो । यस अर्थमा निर्वाचन अभियानको क्रममा सबै राजनीतिक दल तथा उम्मेदवारहरुले स्वतन्त्रतापूर्वक आ-आफ्नो मतको प्रचार-प्रसार गर्न पाउनु स्वतन्त्र एवं निष्पक्ष निर्वाचनको एक अत्यन्त महत्वपूर्ण पूर्वाधार हो । निर्वाध एवं स्वतन्त्र प्रचार-प्रसारका लागि निम्नलिखित अवस्थाहरु विद्यमान रहेको हुनुपर्दछ ।

- उम्मेदवारले निर्वाचन सम्वन्धी कानुन र आयोगले निर्धारण गरेको आचार संहिताको दायरामा रही मतदाता समक्ष आफ्नो विचार तथा मन्तव्य राख्ने माध्यमहरु जस्तै सार्वजनिक भाषण, आमसभा, पाम्पलेटिङ्ग आदि कार्यहरुमा प्रतिबन्ध लगाइएको वा प्रशासनिक हस्तक्षेप रहेको हुनुहुँदैन ।
- स्वतन्त्र तथा निर्वाध रुपले मतदाताहरुसंग सम्पर्क राख्न पाउने, एक अर्काको अधिकार प्रति सजग रही सबै राजनीतिक दल तथा उम्मेदवारहरुले एक आपसमा समझदारी तथा सामञ्जस्यता कायम गरेको हुनुपर्दछ ।
- आफ्नो विपक्षी वा प्रतिद्वन्दी विरुद्ध कुनै पनि राजनीतिक दल, समूह वा उम्मेदवारले शारीरिक बलको प्रयोग वा डर त्रास तथा असुरक्षाको वातावरण सृजना गरेको हुनुहुँदैन ।
- कुनै पनि राजनीतिक दल, समूह वा उम्मेदवारलाई अन्य राजनीतिक दल, समूह वा उम्मेदवारबाट हुनसक्ने खतरा वा आक्रमणबाट बचाउन यथोचित तथा समान सुरक्षा प्रदान गरिएको हुनुपर्दछ । शान्ति सुरक्षा सम्बन्धी व्यवस्था निष्पक्ष एवं प्रभावकारी रुपले लागु गरिएको हुनुपर्दछ ।

### (ख) सरकारी पद र साधनको प्रयोग

नागरिकको मतदान-व्यवहार र निर्वाचनको परिणामलाई सरकारी पद र साधनहरुको दुरुपयोगले गंभीर असर पार्छ । त्यसैले निर्वाचनको परिणामलाई आफ्नो पक्षमा पार्न तिनको दुरुप्रयोग भएको छ-छैन भन्ने कुराको पर्यवेक्षण गर्नु आवश्यक हुन्छ । वस्तुतः निर्वाचनको स्वतन्त्रता एवं निष्पक्षता कायम गर्न सरकारी निकाय तथा पदाधिकारीबाट निम्न कुराहरुको पालना भएको हुनुपर्दछ :-

- सरकारी समारोह, कामकाज वा भ्रमणको सिलसिलामा कुनै दल विशेषको प्रचार प्रसार गर्नुहुँदैन ।
- कुनै दल विशेषलाई लाभ वा हानी पुर्‍याउने उद्देश्यले कुनै काम कार्यवाही गर्नुहुँदैन ।
- सरकारी पदको आडमा कुनै दल, उम्मेदवार तथा मतदाताहरुलाई दबाब वा प्रलोभन दिनुहुँदैन ।
- कुनै दल विशेषको प्रचार-प्रसार कार्यको लागि सरकारी साधनहरु उपयोग गर्नुहुँदैन ।
- सरकारी संचारका माध्यमहरु जस्तै अखवार,रेडियो, टेलिभिजन आदिको प्रयोगमा सबै दलहरुलाई समान अवसर र पहुँच उपलब्ध गराइनुको साथै उक्त माध्यमहरुको प्रयोग तटस्थ एवं निष्पक्ष तरिकाबाट गरिएको हुनुपर्दछ ।

### (ग) निर्वाचनमा धन तथा हिंसाको प्रयोग

निर्वाचनमा मतदातालाई प्रभावित पार्न धनको प्रयोग हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा पर्यवेक्षकहरुले तथ्य संकलन गर्ने प्रयास गर्नुपर्दछ । यस सम्बन्धमा खासगरी निर्वाचन आयोगद्वारा निर्धारित खर्चको सीमाभन्दा बढी खर्च गरिन्छ कि भन्ने कुरा र कुनै राजनीतिक दल वा उम्मेदवारले मत खरीद गर्ने उद्देश्यले रुपैयाा पैसा बााडेको छ छैन भन्ने कुराको सावधानीपूर्वक पर्यवेक्षण गर्नुपर्छ ।

नेपाल दस वर्ष देखि युद्ध र हिंसाको चपेटामा परेको छ । माओवादी जनयुद्ध र त्यसलाई दमन गर्ने नाममा राज्यद्वारा स्वयं वा भिजिलान्तेहरुका माध्यमवाट संचालित क्रियाकलापले समाजमा हिंसाको संस्कृति भित्रिएको तथ्यलाई इन्कार गर्न सकिन्न । हुन त ऐतिहासिक अप्रिल क्रान्ति र सरकार तथा नेकपा (माओवादी) का बीच सम्पन्न वृहद् शान्ति सम्झौता पछि मुलुकमा शान्तिको अभूतपूर्व सम्भावना बढेको छ । तर तराइमा आफ्नो राजनीतिक लक्ष प्राप्तिका लागि अझ पनि हिंसा र हतियारको प्रयोग भैरहेछ । हुन त निर्वाचन हुनु अघि सम्ममा यसको पनि शान्तिपूर्ण निकास निस्केला । तथापि संविधान सभाको निर्वाचनमा जनताले हिंसाको सम्भावित भयका बीच भाग लिनुपर्ने परिस्थिति नरहोस् भन्ने विषयमा सवै क्षेत्र विशेष चनाखो हुन जरुरी छ । अतः निर्वाचन पर्यवेक्षणका सिलसिलामा यो पक्षको पनि समुचित पर्यवेक्षण आवश्यक छ ।

**(घ) मतदान केन्द्रहरु**

मतदान केन्द्रहरुको स्थापनाले निर्वाचनको स्वतन्त्रता तथा निष्पक्षतामा गहन रुपले असर पार्नसक्दछ । एक मतदान केन्द्रबाट अर्को मतदान केन्द्रको दूरी, मतदान केन्द्रको पर्याप्तता-अपर्याप्तता र केन्द्रको स्थापना गर्दा कुनै राजनीतिक दल विशेषलाई फाइदा हुने किसिमले स्थापना गरिएको छ वा छैन भन्ने कुराले निर्वाचन परिणाममा असर गर्न सक्दछ । तसर्थ मतदानकेन्द्रहरु निश्चित गर्दा निम्न कुराहरुलाई ध्यान दिनु जरुरी हुन्छ ।

- मतदान केन्द्रहरुको संख्या उचित एवं पर्याप्त हुनुपर्दछ ।
- मतदान केन्द्रहरु तोक्दा निर्वाचन क्षेत्रको सम्पूर्ण मतदाताहरुलाई पायक पर्नेगरी तोकिएको हुनुपर्दछ ।
- मतदानकेन्द्रहरु तोक्दा कुनै राजनीतिक दललाई फाइदा वा कुनैलाई नोक्सान पुर्‍याउने उद्देश्यले पूर्वाग्रह पूर्वक तोकिनुहुँदैन ।
- पर्यवेक्षण गर्दा यो पक्षमा ध्यान पुर्‍याउन आवश्यक छ । यसले भविष्यका लागि पनि सहयोग गर्छ ।

**२) मतदानका प्रकृयाको पर्यवेक्षण**

मतदानको दिन पर्यवेक्षण गर्दा मतदाताले स्वतन्त्र रुपले मतदान गर्नसक्ने स्थिति छ वा छैन भन्ने कुराको अध्ययन गरिनुपर्दछ । यस क्रममा मतदान केन्द्रको व्यवस्थापन पक्ष, शान्ति सुरक्षा, मतदाताको पहिचान, मतदानको गोप्यता, मतदानको लागि निर्धारित समयको पर्याप्तता, मतपेटिकाको सुरक्षा तथा प्रोक्सी मतको प्रयोग गरिन्छ वा गरिन्न भन्ने कुरामा विशेष ध्यान पुर्‍याइनुपर्दछ । मतदानको प्रक्रिया पर्यवेक्षण गर्ने उद्देश्य अन्तर्गत पर्यवेक्षकहरुले मतदानको दिन निम्नलिखित कुराहरुको अध्ययन गरेको हुनुपर्दछ :-

- मतदानकेन्द्र बाहिरको स्थिति,
- मतदानकेन्द्र भित्रको व्यवस्था,
- मतगणनाको प्रक्रिया

**(क) मतदानकेन्द्र बाहिरको स्थिति**

मतदान हुने दिन, मतदान केन्द्र बाहिरको स्थितिले पनि निर्वाचनमा भागलिन आउने मतदाताहरुको उपस्थिति (Voters turnout) एवं निजको मानसिकतामा प्रत्यक्ष वा परोक्ष प्रभाव पार्नसक्ने हुँदा मतदान हुने दिन मतदाताले स्वतन्त्र एवं निर्वाध रुपले मतदान गर्नसक्ने स्थिति मतदान केन्द्र बाहिर विद्यमान रहेको हुनुपर्दछ । उक्त बमोजिमको स्थिति छ वा छैन भन्ने कुरा निम्नलिखित कुराहरुमा निर्भर गर्दछ :

- मतदान केन्द्र बाहिरको शान्ति सुव्यवस्था
- मतदानकेन्द्र बाहिर मतदातालाई प्रभावित गर्ने खालका गतिविधिहरु
- मतदातालाई मतदानकेन्द्र भित्र पस्न परेको बाधा व्यवधान ।

**(ख) मतदान केन्द्र भित्रको स्थिति**

निष्पक्ष र स्वतन्त्र निर्वाचनको लागि अर्को महत्वपूर्ण पूर्वाधार मतदान केन्द्र भित्रको गतिविधि पनि हो । मतदान केन्द्र भित्रको गतिविधिले निर्वाचनमा जनताको सहभागिता र परिणाम समेतमा प्रभाव पार्न सक्ने हुँदा निर्वाचनको यो ज्यादै नै अहम पक्ष हो । यदि मतदान केन्द्रहरुको सुव्यवस्था, मतदातालाई पहिचान गर्ने कार्य वा अन्य व्यवस्थाहरु त्रुटिपूर्ण रह्यो भने निर्वाचन पनि त्रुटिपूर्ण हुन्छ र जनताको वास्तविक प्रतिनिधित्व हुनसक्दैन । तसर्थ निष्पक्ष र स्वतन्त्र निर्वाचनको लागि मतदान केन्द्र भित्र निम्नलिखित कुराहरु विद्यमान रहेको हुनुपर्दछ :-

- मतदान केन्द्र भित्रको वातावरण मतदातालाई मतदान गर्न प्रोत्साहित गर्ने किसिमले सुव्यवस्थित गरिएको हुनुपर्दछ ।
- मतदान कार्यको यथोचित रेखदेख, नियन्त्रण, शान्ति एवं सुव्यवस्थाको लागि कर्मचारी तथा शान्ति सुरक्षाको पर्याप्त व्यवस्था गरिएको हुनुपर्दछ ।
- मतदान संबन्धी प्रक्रियाहरु मतदाताहरुले सजिलैसँग बुझ्नसक्ने हुनुपर्दछ ।
- मतदानको गोपनियताको लागि मत संकेत गर्ने स्थानको समुचित व्यवस्था गरिएको हुनुपर्दछ ।
- एक व्यक्तिले अर्को व्यक्तिको नामबाट मतदान गर्न (Proxy Vote) सक्ने संभावनाको रोकथाम एवं नियन्त्रण गर्नको लागि सही व्यक्तिले आफ्नो मतदान संबन्धी अधिकारबाट बञ्चित हुनुनपरोस् र प्रोक्सी मतले मतदानको परिणाममा प्रभाव नपारोस् भन्ने उद्देश्यले निविदा मत (Tendered or Challenged Vote) को व्यवस्था गरिएको हुनुपर्दछ ।
- मतदान केन्द्र भित्र सबै उम्मेदवारले आ-आफ्नो प्रतिनिधिहरु (Polling Agents) राख्न पाउने गरी व्यवस्था मिलाइएको हुनुपर्दछ ।

- मतदाताले छिटो, समयमा एवं सरल तरिकाले मतदान गर्नसक्ने व्यवस्था मिलाइएको हुनुपर्दछ ।

**(ग) मतगणना प्रक्रिया**

मतदान कार्य स्वतन्त्र तथा निष्पक्ष रुपमा संचालन भएको अवस्थामा समेत सम्पूर्ण निर्वाचन कार्य स्वतन्त्र र निष्पक्षरुपले सम्पन्न भएको भनी भन्नसक्ने अवस्था रहेको हुँदैन । निर्वाचन कार्य स्वतन्त्र एवं निष्पक्षरुपले सम्पन्न हुनको लागि मतदान तथा मतगणना कार्य दुवै स्वतन्त्र एवं निपक्षरुपले सम्पन्न हुनु आवश्यक छ । मतगणना सम्बन्धी प्रकृयागत त्रुटी रहन गएमा कुनै दल विशेष वा उम्मेदवारले आफ्नो निम्ति त्यस्तो त्रुटीको फाइदा लिई अनियमित कार्य गर्नसक्ने संभावना वा गुन्जाईश रहने हुादा मतगणना संबन्धी प्रक्रिया अपनाउँदा त्यस्ता सम्भाव्य त्रुटीहरुलाई ध्यानमा लिई मतगणना संबन्धी प्रक्रिया त्रुटीरहीत बनाइनुपर्दछ । मतगणना संबन्धी प्रक्रिया त्रुटीरहित बनाउनको लागि अपनाउनुपर्ने केही खास उपायहरु निम्न बमोजिम हुन सक्दछन् :

- मतदान कार्य समाप्त भई मतगणना कार्य प्रारम्भ नहुादा सम्म मतपेटिका सुरक्षित साथ राखिएको हुनुपर्दछ र मतपेटिका राखिएको स्थानमा सबै उम्मेदवारका तर्फबाट तालाबन्दी गरिएको हुनुपर्दछ ।
- मतगणना स्थलमा सबै उम्मेदवार वा निजहरुद्वारा अधिकृत गरिएका प्रतिनिधिहरुलाई निर्वाध एवं बिना रोकटोक मतगणना कार्य समाप्त भै परिणाम घोषणा नहुन्जेलसम्म उपस्थित रहनसक्ने अवसर प्रदान गरिएको हुनुपर्दछ ।
- मतपेटीका खोल्दा एवं मतगणना प्रारम्भ तथा संचालन गर्दा सबै उम्मेदवारहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा मात्र गरिएको हुनुपर्दछ र मतगणना सम्बन्धी सम्पूर्ण कार्यहरु निजहरु समेतको रेखदेख एवं निरीक्षणमा सम्पन्न गरिएको हुनुपर्दछ ।

**घ) निर्वाचन सम्बन्धी नियम, नियमावली र राजनीतिक दलहरुसंगको सहमतिमा निर्वाचन आयोगले जारी गरेको आचार संहिताको पालन भए नभएको पर्यवेक्षण:**

नेपाल सरकारले संविधान सभा निर्वाचनको प्रयोजनका लागि आवश्यक पर्ने नियम कानुनहरु मध्ये कतिपय वनाइसकेको छ भने कतिपय बनिरहेको छ । त्यति मात्र होइन, निर्वाचनको स्वच्छता र निष्पक्षतालाई कायम राख्न राजनीतिक दलहरुसंगको सहमतिमा निर्वाचन आचारसंहिता पनि तयार गर्ने क्रममा छ । संविधान सभामा भाग लिने राजनीतिक दल, तिनका उम्मेदवारका साथै स्वतन्त्र उम्मेदवारहरुले तिनको पालन गरेका छन् छैनन् भन्ने कुरा पनि पर्यवेक्षण हुनुपर्छ । खर्चको सीमा, पर्चा पोष्टर, भित्ते-लेखन इत्यादिका लागि निर्धारित मापदण्डको पालन भए नभएको पनि पर्यवेक्षण हुनुपर्छ ।

## पर्यवेक्षकको अधिकार तथा पालना गर्नु पर्ने आचारसंहिता

निर्वाचन आयोग ऐन, २०६३ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी संविधान सभा सदस्य निर्वाचन २०६४ को पर्यवेक्षण गर्ने राष्ट्रिय पर्यवेक्षण संस्थाहरू तथा सो कार्यमा खटिने पर्यवेक्षकहरुको अधिकार तथा पालना गर्नु पर्ने आचारसंहिता जारी गरिएको छ । निर्वाचनको पर्यवेक्षणमा खटिने सबैलाई यो आचारसंहिता लागू हुनेछ ।

### पर्यवेक्षकहरूलाई देहाय अनुसारको अधिकार हुनेछ :

1= निर्वाचनसाग सरोकार राख्ने सम्बद्ध सबै पक्षसाग निर्वाचन सम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्न सक्ने;
2= पर्यवेक्षण आचारसंहिता अन्तर्गत रही निर्वाचन सम्बन्धी सवै विषयहरुमा स्पष्ट हुन पाउने;
3= निर्वाचन आयोग वा मातहतका अधिकारीहरूको अधिकार क्षेत्र सम्बन्धी जानकारी पाउने;
4= निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवत जावत, संवेदनशील निर्वाचन समाग्रीहरू (मतपेटिका, मतपत्र आदि) को ओसार-पसार, मतदान, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्न सक्ने;
5= मतदान केन्द्रको गोप्य कक्ष बाहेक मतदान केन्द्रमा मतदान अधिकृतको अनुमति लिएर निर्वाध प्रवेश पाउने;
6= मतसङ्केत गरेको अवस्थाको बाहेक निर्वाचन अधिकृत/मतदान अधिकृतले स्वीकृति दिएमा मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियाको तस्वीर खिच्न पाइने छ ।
7= मतगणना स्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर निर्वाध प्रवेश पाउने;
8= पर्यवेक्षकले बस्न चाहेमा निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका संकलन गरी राखेको स्थलमा बस्न पाउने;
9= निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रिया सम्बन्धी जानकारी लिन पाउने;

10=निर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासो बारे जानकारी लिन पाउने;
11=निर्वाचन सम्बन्धी प्रक्रियाको विभिन्न चरणमा राजनीतिक दलहरूको सहभागिता रहे/नरहेको विषय बारे थाहा पाउने;
12=पर्यवेक्षणको क्रममा आफूले प्राप्त गरेको अनुभव आदान-प्रदान गर्न सक्ने;

**पर्यवेक्षकहरूले पालना गर्नुपर्ने आचारसंहिताः**

1= पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनुपर्नेछ ।
2= मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्ट पूर्वक व्यवहार गर्नुपर्नेछ ।
3= निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न हुँदैन साथै आयोगका अन्य पदाधिकारीहरू, निर्वाचन कार्यमा संलग्न कर्मचारीहरू लगायत मतदाताहरूको सम्मान गर्नुपर्दछ ।
4= मतदान अधिकृत वा निर्वाचन अधिकृतहरुले मतदान केन्द्र र मतगणना स्थललाई सुव्यवस्थित गर्न आवश्यक ठानी अनुरोध गरेमा पर्यवेक्षकले सो को पालना गर्नुपर्दछ ।
5= निर्वाचन पर्यवेक्षण गर्दा स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठतापूर्वक गर्नु पर्नेछ । कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्न हुँदैन ।
6= पर्यवेक्षकहरूले निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु हुँदैन ।
7= कुनै राजनैतिक दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले पोशाक, चिन्ह, व्याज लगाउन वा अन्य कुनै माध्यमद्धारा प्रचार-प्रसार वा प्रदर्शन गर्न पाउने छैनन् ।
8= निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई अनावश्यक सल्लाह दिन, गलत ढंगको सूचना दिन र कानूनको अपव्याख्या गर्न पाउने छैनन् ।
9= निर्वाचन सम्बन्धी विवादहरु समाधान गर्न, विवाद समाधान गर्ने हेतुले लिखित बयान दिन र निर्वाचन परिणाम आधिकारिक रुपमा घोषणा हुनु अगावै प्रमाणित तवरले प्रसार गर्न पाउने छैनन् ।
10=पर्यवेक्षकहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने भएकाले उनीहरूले आफूलाई चाहिने साधन र श्रोतको व्यवस्था आफैं मिलाउनु पर्दछ । तर सवारी पास भने आवश्यकता अनुसार निर्वाचन अधिकृतले उपलब्ध गराउन सक्नेछ ।
11=मतदातासँग आवश्यक सामान्य जानकारी लिन सक्नेछन् । तर मतदाताको गोप्यता भङ्ग हुने वा मतदानको निष्पक्षतामा आाच आउने एवम् मतदान कार्य वा क्षेत्रमा वाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्नु हुँदैन ।
12=पर्यवेक्षकहरूले चाहेमा मतगणना प्रक्रिया एवम् मतपेटिकाको सम्बन्धमा निर्वाचन अधिकृतबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन् ।
13=पर्यवेक्षकहरूले निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न पाउने छैनन् ।
14=निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधान बारे सञ्चार माध्यमहरूमा टिका टिप्पणी गर्न पाउने छैनन् तर ती पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने छन् ।
15=पर्यवेक्षणको क्रममा कुनै मतदान केन्द्र वा वरिपरि कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई मतदाताहरूलाई मतदानबाट बञ्चित गर्ने कार्य आदि भएको महसुस गरेमा सो सम्बन्धी जानकारी तुरुन्त निर्वाचन अधिकृत/मतदान अधिकृत/निर्वाचन आयोगलाई गराउनु पर्नेछ ।
16=पर्यवेक्षण अवधिमा सङ्कलन गरेका सूचनाहरू वास्तविक र सत्य हुनु पर्दछ ।
17=निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिंदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तत्वहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो (accurate and comprehensive) दृष्टिकोण राख्नु पर्नेछ ।
18=निर्वाचन पर्यवेक्षण कार्य पूरा भएपछि १५ दिन भित्र प्रारम्भिक प्रतिवेदन र ३ महिनाभित्र अन्तिम प्रतिवेदन निर्वाचन आयोगमा दिनु पर्नेछ ।

**आचारसंहिता उल्लंघन गरेमा देहायको अवस्थामा अनुमति खारेज हुन सक्नेछ ।**

1= आयोगबाट जारी गरिएका नियम, निर्देशिका, निर्देशनहरूको पालना नगरेको पाइएमा;
2= निर्वाचनमा कुनै उम्मेदवार वा राजनीतिक दलप्रति झुकाव राखेमा;
3= आयोगका कर्मचारीहरूको कर्त्तव्य पालनमा कुनै व्यवधान खडा गरेमा;
4= पर्यवेक्षक आचारसंहिता उल्लंघन गरेमा ।